# लिखु गाउँपालिका यसम, ओखलढुंगा

## प्रदेश नं. १

## स्थानीय राजपत्र

# लिखु गाउँपालिकाद्वारा प्रकाशित


| खण्डः–३ | संख्याः-२ | मितिः-२०७६/०२/२३ |
|---|---|---|


## भाग-२

नेपालको संविधानको धारा २२२ वमोजिम गठित गाउँ सभाले धारा २२६ को उपधारा १ र स्थानीय सरकार संचालन ऐन २०७४ दफा १०२ उपदफा ३ को अधिनमा रहि लिखु गाउँपालिकामा कृषि विकास कार्यक्रम संचालनका लागि आवश्यक मार्गदर्शन तथा मापदण्ड, २०७६ लिखु गाउँपालिकाले सर्वासाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### लिखु गाउँपालिकामा कृषि विकास कार्यक्रम संचालनका लागि आवश्यक मार्गदर्शन तथा मापदण्ड, २०७६

**पृष्ठभूमीः** नेपालको संविधानले नै स्थानीय तहलाई विकासको केन्द्रविन्दु बनाएको मात्र होइन अधिकार पनि प्रदान गरेको छ । राज्य पुनःसंरचना पश्चात जिल्लाका कतिपय कार्य नगरपालिका र गाउँपालिकामा पुगेकोछ । तसर्थ, अव बिगतमा झै प्रत्येक काम र कुराका लागि माथिको मुख ताक्नु पर्ने स्थिती छैन । आफ्ना मानवीय तथा अन्य श्रोत र साधनहरुलाई कृषि जस्तो उत्पादनमूलक क्षेत्रमा कसरी सदुपयोग गर्ने तथा बलियो र दीगो विकासको बाटो कसरी पहिल्याउने भन्ने तर्फ स्थानीय निकायको ध्यान केन्द्रित हुनु पर्ने देखिन्छ । अहिले स्थानीय निकायलाई आफ्नै कर्मचारी, आफ्नै सोंच, आफ्नै श्रोत, आफ्नै साधन र आफ्नै व्यवस्थापन गर्ने अवसर खुल्ला छ । अहिले बृहद छलफल र गहन तयारीका साथ रणनीति र योजना तय गरी अघि बढ्नु पर्ने समय आएको छ । कृषि नै देशको समग्र विकासको मेरूदण्ड भएकाले बहुसंख्यक किसानहरूको जीवनस्तरमा सुधार ल्याई सामाजिक र आर्थिक रुपान्तरण गर्नका लागि दीगो कृषि विकासको बाटो पहिल्याउन सकिने ठूलो सम्भावनाहरु देखिन्छन् । कृषि क्षेत्रले अव पनि स्थानीय तह देखि नै प्राथमिकता पाउन सकेन भने समग्र देश नै चरम सामाजिक र आर्थिक गरिवीको भड्खारोमा पर्ने सम्भावना छ ।

कृषि विकासको बाटो पहिल्याएर सामाजिक र आर्थिक क्रान्ति ल्याउनका लागि निम्नानुसारका कार्य र ती कार्य गर्ने

प्रकृया अवलम्वा गर्न आवश्यक देखिन्छ ।

**१. कृषि सूचना तथा तथ्यांक**

तथ्यांङ्कको गहन अध्ययन र बिश्लेषणका आधारमा तयार पारिएको योजना सार्थक र दिगो हुन्छ । अहिलेको स्थितिमा स्थानीय तथ्यांङ्क बिस्तृतरुपमा संकलन र बिश्लेषण गर्न सजिलो छ जवकी केन्द्रिकृत प्रणालीमा यस्तो गर्न गाऱ्हो हुन्थ्यो । तसर्थ धैर्यका साथ बृहत रुपमा कृषि तथ्यांङ्क संकलन र बिश्लेषण गरेर कृषि विकास योजना तयार गर्न आवश्यक देखिन्छ। यसका लागि मूख्यरुपमा निम्न कार्य गर्न आवश्यक छ।

(१) बिभिन्न क्षेत्रका प्राविधिकहरुको समुह बनाएर स्थानीयस्तरमा कृषि बिकास संग सम्बन्धित सम्पूर्ण श्रोत र साधनहरुको पहिचान गर्ने ।

(२) प्राविधिकहरुको समुहले पहिचान गरेका प्राकृतिक श्रोत र साधनहरु को अवस्था सहितको बिस्तृत सूची वा इन्भेण्टोरी तयार गर्नका लागि फर्मेटको बिकास गर्ने ।

(३) फर्मेट अनुसार कृषि बिकास संग सम्बन्धित सम्पूर्ण श्रोत र साधनहरुको अवस्था सहितको तथ्यांक नियमित र आवधिकरुपमा अद्यावधिक गर्ने किसिमले कम्प्युटर सफ्टवयरको पहिचान गर्ने ।

(४) तथ्यांक संकलन गर्ने टोलीलाई तालिम दिई (तथ्यांकको विश्वशनियता र गुणस्तर कायम हुने व्यवस्था समेतको) तथ्यांक संकलन कार्य कार्यान्वयन गर्ने ।

(५) तथ्यांक बिश्लेषण गर्ने ।

(६) तथ्यांक बिश्लेषणका आधारमा कृषि जमीनको बिकास (Land Pooling and Development) समेतको दिगो कृषि विकासको खाका तयार गर्ने ।

(७) दिगो कृषि विकासको खाका अनुरुप कृषि बिकास कार्यक्रम तर्जुमा, अनुमोदन र कार्यान्वयन गर्ने ।

**२. जग्गा विकास**

राष्ट्रिय भू-उपयोग नीति, २०६९ मा भूमि तथा भूमिस्रोतको महत्तम उपयोगका लागि भूमिलाई देहायका क्षेत्रहरुमा वर्गीकरण गरी सो बमोजिम उपयोगमा ल्याउने कुरा स्पष्टका साथ उल्लेख भए बमोजिम गाउँपालिका क्षेत्रमा अवलम्बन गरिनेछ :

क. कृषि क्षेत्र;
ख. आवासीय क्षेत्र;
ग. व्यावसायिक क्षेत्र;
घ. औद्योगिक क्षेत्र;
ङ. वन-क्षेत्र;
च. सार्वजनिक उपयोगको क्षेत्र; र
छ. आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्रहरु ।

“कृषि क्षेत्र” कृषि उत्पादन (अन्न बाली, नगदे बाली, बागवानी, आदि), पशुपालन, मत्स्यपालन, निजी जग्गामा भएका वृक्षारोपण वा वनबाटिका समेत भएका वा हुनसक्ने जग्गालाई जनाउँछ । देहाय बमोजिमको प्रयोगमा भएको जग्गालाई कृषिक्षेत्रमा वर्गीकरण गरिनेछ ।

- वार्षिक रुपमा उत्पादन हुने खाद्यान्न वा तेलहन वा कोसेवाली वा हरियो तरकारी वा सागसब्जी लगाइएको जग्गा र सो जग्गाको डिल, छेउ, आली, कान्ला समेतका जग्गाहरु ।
- खनजोत गरी खेती लगाउन तयार गरिएको जग्गा वा खनजोत गरी तयार गरिएमा खेती लगाउन उपयुक्त हुन सक्ने आवाद लायक पर्ती वा बाँझो जग्गाहरु ।
- बागवानी वा फलफूलको बगैंचा वा सो को नर्सरी, फूलको बगैंचा वा सो को नर्सरी, वा सो को वीज उत्पादन गरिएका जग्गाहरु वा मसलाजन्य वस्तुहरुको खेती वा सघन खेती गरिएका जग्गाहरु ।
- डालेघाँस वा पशु-आहारका लागि प्रयोग गरिने रुख वा वनस्पतीहरु हुर्काइएको वा कृषिजन्य उपजका लागि प्रयोग हुने दर्तावाला जग्गाहरु ।
- पशु-आहारका लागि घाँस उत्पादन गरिएका सरकारी र सार्वजनिक वनक्षेत्र वाहेकका खरवारी, भीर, कान्ला, घाँसे मैदान, चरन क्षेत्र तथा बाँस तथा वेतको झाडी भएका जग्गाहरु ।
- सरकारी वा सार्वजनिक खोलानाला, पोखरी वाहेक खेत तथा पोखरीमा माछा पालन गरिएका जग्गाहरु ।
- चिया, कफी, उखु, कुरीलो, अम्रिसो, केरा जस्ता नगदेवालीका विरुवा रोपिएका वा उत्पादन गरिएका वा सो का नर्सरी भएको निजी जग्गाहरु ।
- निजी जग्गामा वन पैदावार वा जडीबुडी उत्पादन गर्ने उद्देश्यले हुर्काइएका वनस्पति वा जडिबुडी भएका जग्गाहरु ।
- पशु-पालनका लागि प्रयोग भएका जग्गा, सो प्रयोजनका लागि प्रयोग भएका घर, टहरा, छाप्रा वा पशु-प्रजनन स्थलको रुपमा प्रयोग भएका जग्गाहरु ।
- स्थायी रुपमा सिंचाई सुविधा उपलब्ध भएका कृषियोग्य जग्गाहरु ।
- मुख्य रुपमा कृषि कार्यका लागि प्रयोग भएका पर्याप्त प्राकृतिक वनस्पति सहितका जग्गाहरु ।
- कृषि-उत्पादनको रेखदेख गर्न, भण्डार गर्न, सुकाउन तथा प्रशोधन गर्न प्रयोग भएका कुनै पनि भौतिक संरचना वा घर, टहरा आदि भएका जग्गाहरु ।
- बसोबास, व्यावसायिक क्षेत्र वा अन्य उपयोग भएका क्षेत्रसँग जोडिएका भएता पनि कित्ताको क्षेत्रफल १,००० वर्ग मिटर भन्दा वढीभई खेती गरिएको वा खनजोत गरिएको वा पर्ति बाँझो जग्गाहरु ।
- एकास्थानमा विभिन्न कित्ताहरु जोडिएर १ हेक्टर वा सो भन्दा वढी क्षेत्रफलमा खेती गरिएका वा खनजोत गरिएका वा पर्ति बाँझो खेतीयोग्य जग्गाहरु ।

वर्गीकरणको आधारमा भूमिको संरक्षण, व्यवस्थापन र उपयोग गर्नका लागि देहायका नीतिहरु अवलम्बन गर्नु पर्नेछ :

- तोकिएको वर्गीकरणको आधारमा मात्र भूमिको उपयोग गरिने;
- कृषि भूमिलाई बाँझो राख्ने प्रवृत्ति र उर्वर जग्गाको गैर कृषि प्रयोगलाई निरुत्साहित गरिने;
- राज्यको कूल भू-भागको कम्तिमा ४० प्रतिशत भू-भागमा वन क्षेत्र कायम गर्न सरकारी जग्गाको संरक्षण गर्ने नितिलाई अवलम्वन गरिने छ ;

- औद्योगिक नीति लगायतका आर्थिक नीतिसंग तालमेल हुने गरी उद्योग, आवास, कृषिको विकास गर्न निजी क्षेत्र आएमा राज्यले राष्ट्रिय भू-उपयोग नीति र स्थानीय भू-उपयोग योजना अनुरुप हुने गरी आवश्यक सहयोग गर्ने; र
- पूर्वाधार विकासका लागि आवश्यकता हेरी राज्यले जुनसुकै प्रकारको भूमि नियमानुसार अधिग्रहण गरी उपयोग गर्न सक्ने ।

भूमिको खण्डीकरणलाई व्यवस्थित गर्न तथा योजनाबद्ध शहरीकरणलाई प्रोत्साहित गर्न देहायका नीतिहरु अवलम्बन गरिने छ ।

- कृषि भूमिको चक्लाबन्दी तथा विकास निर्माणको लागि जग्गा प्राप्ति गर्न व्यवस्थित जग्गा एकीकरण (Land Pooling) को अवधारणालाई अवलम्बन गर्ने;
- जग्गाको अनियन्त्रित खण्डीकरणलाई निरुत्साहित गर्ने;
- आवश्यकता अनुसार उपयुक्त स्थानमा आवास क्षेत्रको विकास तथा शहरीकरणलाई प्रोत्साहित एवम् व्यवस्थित गर्ने; र
- तोकिएको मापदण्ड विपरीत प्राकृतिक स्वरुपमा परिवर्तन हुने गरी गरिने भूमिको उपयोगलाई निरुत्साहित गर्ने ।

**भूमिको खण्डीकरणलाई व्यवस्थित गर्ने तथा योजनाबद्ध शहरीकरणलाई प्रोत्साहित गर्न लिइएका राष्ट्रिय नीतिहरु कार्यान्वयन गर्न देहायका रणनीति तथा कार्यनीतिहरु अवलम्बन गरिने छ :**

- कृषि क्षेत्रको रुपमा प्रयोग गरिएको जमीनलाई चक्लावन्दी गर्न प्रोत्साहन गर्ने;
- विकास निर्माणका आयोजना संचालन गर्न, व्यवस्थित आवासीय क्षेत्रको विकास गर्न, औद्योगिक क्षेत्रको विकास गर्न जग्गा एकीकरण (Land Pooling) कार्यक्रम संचालन गर्ने;
- उपयोगको आधारमा जग्गाको न्यूनतम क्षेत्रफल तोकी सो भन्दा सानो टुक्रामा जग्गाको खण्डीकरण गर्न नपाउने व्यवस्था गर्ने;
- नगर, नगरोन्मुख गाउँ तथा अन्य आवास क्षेत्रको विकास र विस्तार गर्दा भौतिक पूर्वाधारको दृष्टिले उपयुक्त भूमिलाई ग्राह्यता दिने; र
- भूमिको प्राकृतिक स्वरुपमा परिवर्तन गर्ने सम्बन्धमा मापदण्ड निर्माण गर्ने । यसरी तोकिएको मापदण्ड विपरीत भूमिको स्वरुपमा परिवर्तन हुने गरी उपयोग गरिएको पाइएमा साविक स्वरुपमा कायम गर्न लगाइने ।

**भू-उपयोग योजना तयार गर्ने सम्बन्धी नीतिहरु कार्यान्वयनमा ल्याउन देहायका रणनीति तथा कार्यनीतिहरु अवलम्बन गरिने छ :**

- भू-उपयोग नीतिलाई कार्यान्वयनमा ल्याउनको निमित्त गाउँपालिका स्तरमा भू-उपयोग योजनाहरु तर्जुमा गर्ने;
- तहगत भू-उपयोग योजना तर्जुमा गर्दा माथिल्लो तहको योजना अनुकूल हुने गरी तर्जुमा गर्नु पर्ने । केन्द्रीय तहले स्थानीय तहलाई भू-उपयोग योजना तयार गर्न आवश्यक सुझाव, निर्देशन र प्राविधिक सहयोग प्रदान गर्ने;
- भू-उपयोग योजना तयार गर्नका लागि आवश्यक विभिन्न सूचनाहरु संकलन गरी भू-उपयोग नक्साहरु तयार गर्ने;
- भू-उपयोग योजना तर्जुमा गर्दा सरकारी तथा सार्वजनिक निकायका साथै निजी क्षेत्रको सहभागिता सुनिश्चित हुने गरी समन्वयात्मक रुपमा गर्ने;

- भू-उपयोग योजना तर्जुमा गर्दा उत्पादकत्व, वातावरण सन्तुलन तथा संरक्षण, सामाजिक, आर्थिक समृद्धि, गरिवी निवारणजस्ता विषयलाई आवद्ध गर्ने;
- भू-उपयोग योजनाहरुलाई प्रत्येक पाँच वर्षमा राष्ट्रिय आवधिक योजनासंग आवद्ध गरी पुनरावलोकन गर्ने;
- विकास निर्माणका योजना बनाउँदा तथा कार्यक्रम संचालन गर्दा सम्बन्धित क्षेत्रको भू-उपयोग योजनालाई आधारका रुपमा लिने; र
- माध्यमिक तहसम्मको पाठचक्रममा भू-उपयोग सम्बन्धी विषयलाई समावेश गरी अध्ययन-अध्यापन गराइने व्यवस्था मिलाउने ।

भू-उपयोग नीति कार्यान्वयनका लागि प्रभावकारी संगठन-संरचना आवश्यक हुने भएकोले गाउपालिका स्तरीय भू-उपयोग कार्यान्वयन समितिको गठन गरिनेछ ।

भू-उपयोग नीति, २०६९ अनुरुप अझै पनि कार्य नहुदा देशको समग्र भूमिलाई उपयुक्त ढंगले उपयोग गरी अधिकतम् लाभ हासिल गर्न सकिएको छैन । भू-उपयोग सम्बन्धी कार्यको प्रभावकारिता अन्तर्निकाय समन्वयमा भरपर्ने हुँदा सोको कमीका कारण क्षेत्रगत नीतिहरुमा भएका व्यवस्थाहरुको र विद्यमान ऐन र कानुनमा भएका प्रावधानहरुको समेत प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । त्यसैले अव्यवस्थित र अनियन्त्रित बस्ति बिकास भएका कारण खेतीयोग्य जमीनमा संकुचन आइरहेको छ भने सरकारी तथा सार्वजनिक जग्गा माथि विभिन्न नाममा अतिक्रमण बढ्दै गएको छ ।

त्यस्तै जग्गाको अनियन्त्रित खण्डीकरणले गर्दा कृषि उत्पादनमा ह्रास आइरहेको छ । नीतिको प्रभावकारी कार्यान्वयन नहुंदा कृषियोग्य जमिन गैर कृषि प्रयोजनमा उपयोग हुन गैरहेका छ जस्ले गर्दा उत्पादन र उत्पादकत्वमा वृद्धि हुन सकेको छैन र फलस्वरुप खाद्य सुरक्षामा प्रतिकुल प्रभाव परेको छ । भू-उपयोग सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि आवश्यक स्रोत साधन तथा संस्थागत क्षमताको विकास एवम् विस्तार गर्ने, अन्तर्निकाय समन्वयलाई प्रभावकारी बनाउने लगायतका कार्यहरु समस्या तथा चुनौतीका रुपमा रहेका छन् । तसर्थ, कृषि विकासका लागि नीति अनुरुप कृषि भूमीको संरक्षण र आधुनिक उपयोग सम्बन्धि कार्य स्थानीयस्तर बाटै थालनी गरिने रणनिति लिईनेछ ।

### ३. कृषक समुह

कृषक भन्नाले फार्म संचालन गर्ने व्यक्ति अथवा खाद्य वा कच्चा पदार्थका लागि जीवित प्राणी हुर्काउने व्यक्ति भन्ने बुझिन्छ । मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहनाहरु भएका दुई वा दुई भन्दा बढी कृषकहरु संगठित भएर आफ्ना निश्चित साझा उद्देश्यहरु सामूहिक प्रयत्नद्वारा प्राप्त गर्न निर्माण गरीएको संस्थालाई कृषक समुह भनिन्छ । समूह बन्नका लागि निम्न आधारभूत पक्षहरु पुरा भएको हुनुपर्दछ ।

- समान उद्देश्य (common/shared goal),
- सदस्यहरु बीच सार्थक अन्तरक्रिया (meaningful interaction among the members),
- सदस्यहरु बीच स्थायी सम्वन्ध (stable relationship among group members),
- सदस्यहरु बीच निकटता, आत्मीयता तथा अपनत्वको भावना (perception of group membership), र
- सदस्यहरुबीच केही हदसम्म अन्तरनिर्भरता (interdependence among members) ।

यस परिप्रेक्ष्यमा कृषक समूह भन्नाले साझा आावश्यकता पुर्ति गर्न एकै उद्देश्य लिई विधिवत दर्ता भई वा नभई वा आफनै विधिविधान अन्तर्गत संगठित भएका निश्चित गाउ वा ठाउमा रहेका सामान्यत २० देखि २५ जनाको परस्पर सहयोगी कृषकहरुको संगठन भन्ने बुझिन्छ । अर्थात तीन अक्षरको समूहलाई सहज ढंगले बुझ्नुपर्दा “स” भन्नाले समन्वय र सद्भावको माध्यमबाट “मु” भन्नाले मूख्य समस्यासंग मुकाबला गर्न “ह” भन्नाले हल (समाधान) खोज्ने संस्था भनेर पनि बुझ्न सकिन्छ ।

हाम्रो समाजमां सामूहिक रुपमा काम गर्ने परम्परा नयां होइन । गांउघरमा सामाजिक कार्यहरु सबै जनाको सहमति र मिलेमतोमा गर्ने परम्परा पहिले देखि नै रहि आएको छ । सरकारीस्तरमा भने समूह प्रणालीको अवधारणा बि.सं. २०३३ सालमा कृषि विकास बैंकको साना किसान विकास कार्यक्रम मार्फत कृषि ऋण प्रवाहमा सहजता ल्याउन सुरु गरीएको हो । यसको सफलताले गर्दा नै कृषि प्रविधि प्रवाहमा समेत समूहगत अवधारणा लागु गर्न नितिगत पृष्ठपोषण प्रदान गरेको हो ।
बि.सं. २०४२ सालमा पशु विकास तर्फ पनि समूह पद्धति लागु भएको तथ्य कृषि विकास विभागको समुह गठन तथा सञ्चालन कार्यविधि निर्देशिका २०५० मा उल्लेख गरिएको छ । नीतिगतरुपमा भने वि.स.२०४५ सालमा तत्कालिन कृषि प्रसार आयोजना मार्फत पाइलट कार्यक्रमको रुपमा तनहु, चितवन र मोरङ जिल्लामा शुरुवात गरिएको हो । यसैको सकरात्मक परिणामको आधारमा वि.सं. २०४८ देखि कृषक समूह पद्धतिलाई कृषि प्रसारको प्रमुख पद्धतिको रुपमा अवलम्वन गरिएको हो ।

कृषकहरुलाई संगठित गर्दै कृषि सेवालाई बढी प्रभावकारी, कृषकका वास्तविक समस्या र चाहनामा आधारित सहभागितात्मक तथा कृषकका दक्षता र सीपलाई उपयोग गर्दै आम कृषकहरुमा कृषि सेवाको पहुच वृद्धि गराउन र छिटो छरितो सेवा प्रदान गर्न कृषक समूह प्रणाली अवलम्वन गर्न जरुरी छ ।

कृषक समुह नै कृषि प्रविधि प्रसारका लागि दिगो र सशक्त माध्यम बन्न सक्दछ भन्ने दृष्टिकोणले सुरु गरीएको समुह तरीका वर्तमान परिप्रेक्ष्यमा झनै सान्दर्भिक देखिन्छ । यसमा मूख्यतया निम्न प्रकृयाहरु अवलम्वन गर्नु पर्ने हुन्छ :

- समुदायमा समुह प्रणाली सम्बन्धि जागरण कार्यक्रमहरु व्यापकरुपमा संचालन गर्ने;
- समुदायमा जागरण कार्यक्रम संचालन गर्दा समुह प्रणालीको अवधारणा, उद्येश्य, प्रकृया र लाभहरुका बारे चेतना जगाउने;
- जनसहभागिता जुटाई बढिमा ३० जना सम्म सदस्यहरु भएको समूह गठन गर्न समुदायलाई सघाउने;
- क्रमिकरुपले समुह मार्फत कृषि प्रसारका बिभिन्न कृयाकलापहरु संचालन गर्ने;
- समुह पाको हुने अवस्थामा हितकोष सम्बन्धि क्रियाकलाप संचालन गर्न सघाउने;
- समुह पाको भैसकेपछि समुहबाट गरीने अधिकांस क्रियाकलापहरु औपचारीक र व्यावसायिक पकृतिको हुने भएकाले संस्था कानूनीरुपमा दर्ता गर्नका लागि समुहलाई सहकारीमा रुपान्तरण गर्ने प्रकृया सुरु गर्ने;
- कृषक समुहलाई सहकारीमा रुपान्तरण गर्नका लागि कृषक समुहलाई सहकारीको अवधारणा, उद्येश्य, प्रकृया र लाभहरुका बारे चेतना जगाउने कार्यक्रमहरु संचालन गर्ने;
- कृषि सहकारीको बिधान तयार पार्न र दर्ता गर्न सहयोग गर्ने;
- सहकारी शिक्षा, लेखा, बैठक संचालन गराउने सम्बन्धि तालिमको आयोजना गर्ने;

- कृषि सहकारीलाई दिगो र क्रियाशिल संस्थाको रुपमा संचालन गर्न कृषकहरुका लागि दैनिकरुपमा आवश्यक सामानहरु जस्तै दन्तमन्जन र ब्रस, सावुन, चिनी, नुन, तेल, ग्यांस आदिको बिक्रि बितरण, कृषि सामग्रीको बिक्रि बितरण, कृषि उपजको खरीद बिक्रि, सामान्य प्रशोधन (सफा गर्ने र सुकाउने), व्यागिङ्ग तथा ट्यागिङ्ग गर्ने, बचत तथा ऋण, कृषि बजार सूचना, र कृषकहरुलाई प्राविधिक सेवाटेवा उपलब्धा गराउने बारे तालिमको आयोजना गर्ने; र
- रुपान्तरण भएको सहकारीलाई आवश्यक सेवाटेवा उपलब्ध गराउने । समुह र सकारीको सबलीकरण, सुदृढिकरण नै दिगो विकास र कृषि प्रसारको सशक्त माध्यम बन्न सक्दछ । कृषक समूहमा बस्दा प्राप्त हुने फाइदाहरु लाई निम्न वमोजिम उल्लेख गर्न सकिन्छ ।
- एक्लै गर्न नसकिने कार्य एकजुट भएर सजिलै फत्ते गर्न सकिन्छ ।
- व्यक्ति भन्दा समूहको शक्ति ठूलो हुन्छ ।
- साझा समस्या समाधान गर्दा व्यक्तिगत समस्याहरु समेत समाधान हुन्छन् ।
- समूहगत रुपमा काम गर्दा जनसहभागिता वृद्धि भई कार्य प्रभावकारी हुन्छ ।
- कृषकहरुबीच सहयोग र मेलमिलापको भावना अघि बढदछ र एकता मजवुत हुन्छ ।
- अप्ठेरो काम सजिलै संग गर्न सकिने र यसबाट आत्मनिर्भरतामा वृद्धि भई अरुको भर पर्ने वा मुख ताक्ने बानीको अन्त्य हुन्छ ।
- समूह मार्फत कार्य गर्दा नयां प्रविधि छिटै प्रशारण हुने र कम खर्चिलो हुने गर्दछ ।
- कृषकहरुको जोखीम वहन गर्ने क्षमतामा वृद्धि हुन्छ ।
- समूह मार्फत कार्य गर्दा आत्मनिर्भरता वृद्धि हुने, सदस्यहरुको नेतृत्व विकास हुने र कुनै निकाय वा संस्थामा दवाव श्रृजना गर्न सक्ने एवं आफनो समस्या आफै समाधान गर्ने क्षमता विकास हुन्छ ।
- कृषक समूहमा हुने बचत संकलनबाट क्रमशः वृद्धि हुदै पूँजी निर्माण हुन्छ र सदस्यहरुलाई आवश्यक पर्ने पुजीको आपुर्ति सहज ढंगबाट गर्न सकिन्छ ।
- विकासका लागि साझा भावना, सोच र पहलको विकास गर्न सकिन्छ । यसबाट सदस्यहरुवीच सामूहिक सदभावको विकास हुने, अन्य निकाय संग सम्वन्ध वढने र आफनो लागि आफैं एकजुट भई कार्यगर्दा दीगो विकास हुन्छ ।
- समूहको माध्यमबाट न्यून पहुच भएका समुदाय र कृषकहरुलाई एकिकृत ढंगबाट प्रभावकारी सेवा पुर्‍याउन सकिन्छ ।
- समूहको माध्यमबाट कृषकहरुको आवाजहरु सम्वन्धित निकायमा पुग्ने र दवाव समूहको रुपमा कार्य गर्न सक्तछ। साथै स्थानिय स्तरमा दिगो कृषि विकासको सशक्त माध्यमको रुपमा कार्य गर्न सक्दछ ।

स्थानीय तहमा पहिले नै गठन भैसकेका कृषक समूहहरु छन् । कृषक समूह गठन/पुनर्गठन गर्दा कृषि प्रसार निर्देशनालयबाट प्रकाशित कृषि प्रसार कार्यक्रम कार्यान्वयन निर्देशिका तथा नर्म्स, २०७२/२०७३ का आधारमा प्रस्तुत कृषक समूह देहाय बमोजिम गठन/पुनर्गठन गर्न उपयुक्त देखिन्छ ।

### ३.१ कृषक समूह गठन/पुनर्गठन

- गाउँका कृषकहरूलाई नयाँ समूहमा संगठित हुनको निमित्त कृषि प्रसार कार्यकर्ताहरूले लक्षित ठाउँको विभिन्न स्थानमा कृषक भेला गरी समूहको उपयोगिताबारे जानकारी गराउने ।

- नयाँ समूह गठन गर्नुपर्दा स्थानीय जनसमुदायहरूको भेला गरी समूहमा आवद्ध हुन आग्रह गर्ने र स्वस्फूर्त रुपमा गठनका लागि सम्पर्क राख्न आउने समूहहरूलाई समेत समेटी प्राविधिक सहयोग पुऱ्याउने ।
- स्थानीय कृषि कार्यालयमा नयां कृषक समुह दर्ता गर्नका लागि सहयोग गर्ने ।
- कुनै स्थान विशेषमा पहिले देखि रहिरहेका कृषक समूहहरू छन् भने तिनको पहिचान गरी पुर्नगठन गर्ने ।
- शुरुमा प्राविधिकहरूबाट सहयोग र राय सल्लाहका साथ कृषक समूह गठन गर्दा अति आवश्यक रजिष्टर्ड, कपी, कलम, फाइल, कागज जस्ता सामग्रीहरू उपलब्ध गराउने ।
- प्रत्येक आर्थिक वर्षमा नयाँ समूह भए गठन र पुराना भए पुनर्गठन गरी स्थानीय कृषि कार्यालयमा समूह विवरण संकलन वा अद्यावधिक गर्ने ।
- स्थानीय कृषि कार्यालयमा कृषक समूह दर्ता गरी तिनीहरूको अभिलेख राख्ने कार्यलाई नियमित रुप दिने । यसको लागि कृषक समूहहरूलाई आ-आफ्नो समूह विवरण फाराम सहित दर्ताको लागि आवेदन गर्न उत्प्रेरित गर्ने ।

## कृषक समूह दर्ताको लागि निवेदन तथा विवरण फाराम

**श्री कृषि, पशुपन्छी तथा सहकारी कार्यालय,**
**लिखु गाउँपालिका यसम,**
**ओखलढुंगा**
**प्रदेश नं. १ ।**

**विषय : ........... समुह दर्ता सम्वन्धमा ।**

श्री कृषि, पशुपन्छी तथा सहकारी कार्यालय,लिखु गाउँपालिकाको सहयोगमा/हामी आफै संगठित भई लिखु गाउँपालिका वडा नं. .......मा गठन भएको हाम्रो कृषक समूह दर्ता गराई पाऊ भनी निम्न विवरण सहित यो निवेदन पेश गरेका छौं ।

................................
**समूह अगुवाको दस्तखत**
**नाम :** ............................
**मिति :** ............................

**समूहको विवरण**

जिल्ला : ओखलढुंगा लिखु गाउँपालिका वडा नं. ............. समूह गठन

मिति : .............स्थान : ..........स्थापना बर्ष ............

सदस्य संख्या :...........महिलाः....................पुरुष :...............

| | | |
|---|---|---|
| | जनजाति :............ | जनजाति :............ |
| दलित :............... | दलित :............... | |
| अन्य :................ | अन्य :............. | |

**समुहको उद्धेश्य :**

**पदाधिकारीहरूको नाम :**

| क्र.स | नम | पद | शैक्षिक योग्यता | उमेर, बर्ष | जग्गा क्षेत्रफल, रोपनी | दस्तखत |
|---|---|---|---|---|---|---|
| १ | | अध्यक्ष | | | | |
| २ | | उपाध्यक्ष | | | | |
| ३ | | सचिव | | | | |
| ४ | | कोषाध्यक्ष | | | | |
| ५ | | सदस्य | | | | |
| ६ | | सदस्य | | | | |
| ७ | | सदस्य | | | | |
| ८ | | सदस्य | | | | |
| ९ | | सदस्य | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**नियमित वैठक वस्ने दिन : .....................**
**प्रति महिना समूहको हितकोष संकलन हुन सक्ने रु : ..................**
**हाल सम्मको हितकोषमा जम्मा रकम रु : ................................**

**कृषक समूह दर्ता प्रमाण-पत्र नमूना**

श्री कृ.प.स.का. दर्ता नं.

स्थानिय सरकार

**श्री कृषि, पशुपन्छी तथा सहकारी कार्यालय**

लिखु गाउँपालिका यसम,ओखलढुंगा ।

**कृषक समूह दर्ता प्रमाण-पत्र**

समूह पद्धतिलाई सुव्यवस्थित गर्दै कृषि प्रसार कार्यलाई टेवा पुऱ्याउने उद्देश्यले यस जिल्लाको लिखु गाउँपालिका वडा नं. ... मा मिति ............... मा गठित श्री ......................... कृषक समूहलाई यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

मिति : ...............................

.......................................... ..........................................

(......................................) (......................................)

शाखा प्रमुख प्रमुख प्रशासकीय अधिकृत

पछाडी पट्टि

**कृषक समूहको नाम :** **ठेगाना :**

| नविकरण मिति | म्याद सकिने मिति | नविकरण गर्ने अधिकारीको सहीछाप |
|---|---|---|
| | | |
| | | |

**कृषक समूह गठन तथा सञ्चालन**

समूह गठन तथा पुर्नगठन गर्दा प्रत्येक समूहको खास काम परिभाषित हुनुपर्दछ र के के उद्देश्य पूर्ति गर्ने हो सो पनि खुल्नु पर्दछ । क-कस्लाई सदस्य वनाउने भन्ने विषयमा पनि छलफल गरी तय गर्नु वाञ्छनीय हुन्छ । सभापति, उप सभापति, सचिव, कोषाध्यक्ष के कस्ता पदहरू राख्ने हो र कुन प्रकृयाबाट (निर्वाचन या सहमति) छनौट गर्ने हो निर्णय गर्नु पर्दछ ।

समूहमा क-कस्ले के के काम गर्ने हो, कुन कुन पदको के कस्तो उत्तरदायित्व रहन्छ आदि
कुराहरू यकिन गरी सबै उपस्थित सदस्यहरूको सहमति सूचक हस्ताक्षर गराउनु पर्दछ । समूह सञ्चालनको लागि एउटा विधान पनि वनाउनु पर्दछ जसमा समूह सञ्चालनको लागि आवश्यक सबै वुंदाहरू उल्लेख हुनु पर्दछ ।

कृषकको ज्ञान र सीपको विद्यमान स्तरलाई दृष्टिगत गरी वैठक नियमित रुपमा सञ्चालन गर्नुको साथै कृषि प्रसार कार्यकर्ताको सक्रिय सहयोगबाट प्राविधिक सेवा टेवा पुऱ्याउनु पर्दछ ।

समूहको लागि योजना समूहले नै वनाउनु पर्दछ । समूहको श्रोत, साधन र कार्यालयहरूबाट पुग्न सक्ने सहयोगलाई विचार गरी कृषि प्रसार कार्यकर्ताको संलग्नतामा के के कामहरू सञ्चालन गर्ने हो सो को योजना वनाउनु पर्दछ ।

समूहलाई प्रजातान्त्रिक एवं पारदर्शी वनाउन कुनैपनि विषयमा निर्णयहरू लिंदा समूह सदस्यहरूलाई छलफलमा भाग लिने वातावरण वनाई सबैलाई सहभागी वनाउनु पर्दछ र समूह स्वयंलाई श्रोत साधन उपलब्ध गराउन अगाडि वढ्न सघाउ पुऱ्याउनुपर्दछ । यसबाट समूहको दक्षतामा बृद्धि हुन्छ ।

समूहको निर्णय लगायत आय व्यय तथा अन्य हर-हिसाब रेकर्डमा राख्ने गर्नुपर्छ । समूह मार्फत भएका कामहरूको लेखाजोखा गर्ने जस्ता कामहरू कृषि प्रसार कार्यकर्ताको सहयोगमा सदस्यहरूबाटै गर्ने परिपाटी वसाउनु पर्दछ ।

**समूह विवरण अद्यावधिक राख्ने**

कृषक समूहहरूको विवरण राख्दा समूहको क्रियाकलाप अनुसार सक्रिय, अर्द्ध सकृय र निस्कृय समूह (गठन भएको तर समूह सदस्यहरूलाई विवरण थाहा नभएको) पनि जनाई राख्नु पर्दछ ।

## समूह विवरण फारामको नमूना

स्थानीय सरकार
**श्री कृषि, पशुपन्छी तथा सहकारी कार्यालय**
लिखु गाउँपालिका यसम, ओखलढुंगा ।

### कृषक समूहको विवरण

| सि. नं. | समूहको नाम, ठेगाना (वडा समेत) | हालको सदस्य संख्या | | समूह अगुवाको नाम | स्थापना वर्ष | हितकोष रकम रु. | समूहको अवस्था (सकृय, अर्द्ध सकृय र निष्कृय) |
|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

द्रष्टव्य : कृ.प.स.का.ले प्राविधिक सेवा पुऱ्याउँदै आएको अन्य निकायहरू (महिला विकास, सिंचाई, आइ.एन.जि.ओ. आदि) को पहलमा सञ्चालित समूहहरूलाई समेत समेट्ने ।

### ३.२ अन्तर कृषक समूह प्रतियोगिता

जिल्लामा रहेका कृषक समूहहरूको क्रियाकलाप एवं प्रगतिको आधारमा प्रतिस्पर्धात्मक मूल्यांकन गरी उत्कृष्ट समूहहरूलाई पुरस्कृत गर्नको लागि यो प्रतियोगिता सञ्चालन गरिन्छ ।

**उद्देश्य** : उत्कृष्ट समूहलाई पुरस्कृत गरी मनोबल बढाउने र कार्यमा सफलता लिने ।

**कार्यविधि** : सर्वप्रथम प्रतियोगितामा भाग लिन चाहने जिल्ला भित्रका कृषक समूहहरूको पूर्ण विवरण लिई तिनीहरूलाई सुचीकृत गर्नुपर्दछ । स्थानीय जनप्रतिनिधि समेत प्राविधिज्ञहरूको एक टोलीबाट निम्न आधारहरूमा मूल्यांकन गरी प्रथम, द्वितीय, तृतीय र सान्त्वना घोषित गर्नु पर्दछ ।

| क.सं. | मूल्यांकनका आधारहरू | पूर्णाङ्क |
|---|---|---|
| १ | समूहको वैठक सञ्चालन र लिइएका निर्णयहरू | १० |
| २ | हितकोष स्थापना र परिचालन अवस्था | १० |
| ३ | नेतृत्वको छनौट र विकास क्रम | १० |
| ४ | समूहले छर छिमेकमा पुऱ्याएको कृषि प्रसार सेवा | १० |
| ५ | समूह विवरण तथा अन्य रेकर्ड | १० |
| ६ | ग्रामिण विकास वैंक लगायत सम्बन्धित सरकारी एवं गैर सरकारी निकायबीचको सम्बन्ध | १० |
| ७ | अन्य समूहसंगको सम्बन्ध तथा अतिरिक्त कृयाकलापहरू | १० |
| ८ | समूहको श्रृजनशिलता/अग्रसरता | १० |
| ९ | समूह भित्रको संस्थागत विकास/टिम स्पिरिट | १० |
| १० | समूहको कार्य सम्बन्धी वार्षिक योजना (सामाजिक सेवा समेतलाई विचार गर्नुपर्ने) | १० |
| ११ | जम्मा पुर्णाङ्क | १०० |

### ३.३ उत्कृष्ट कृषक समूह सदस्य प्रतियोगिता

कृषक समूहहरूको उत्कृष्ट सदस्यहरूको यथार्थ पहिचान गरी पुरस्कृत गर्दा उनीहरू प्रोत्साहित भै काममा चाख वढ्न जाने हुँदा यस प्रतियोगिता अन्तर्गत वस्तुगत आधारमा उत्कृष्ट सदस्यलाई पुरस्कृत गरिन्छ ।

**उद्देश्य** : मानिस स्वभावैले आफ्नो कामको प्रतिफल चाहने प्राणी भएकोले जिल्लाका कृषक समूहहरूमा उत्कृष्ट काम गरी रहेका सदस्यहरूलाई उनीहरूको मनोबल वढाउँदै कदर गर्नु र अन्य सदस्यहरूलाई राम्रो काम गर्ने प्रतिस्पर्धात्मक वातावरण सृजना गर्नु ।

**कार्यविधि** : सर्वप्रथम कृषक समूहहरूलाई नै उत्कृष्ट सदस्यहरूको मूल्यांकन गर्न लगाउनु पर्दछ ।

कृषक समूहले गरेको निर्णयलाई कृषि सेवा केन्द्र तथा कृ.प.स.का.को संयोजकत्वमा गठित मूल्यांकन समितिले पुनरावलोकन गर्नु पर्दछ । कृ.प.स.का. का प्राविधिक/विशेषज्ञ र सम्बन्धित स्थानीय तहका जनप्रतिनिधिको संयुक्त टोलीले निम्न आधारहरूमा सम्भाव्य सदस्यहरूको मूल्यांकन गरी वढीमा १० (दश) जना उत्कृष्ट सदस्यहरूको पहिचान गर्नु पर्दछ ।

| क. सं. | मूल्यांकनका आधारहरू | पूर्णाङ्क |
|---|---|---|
| १ | वैठक सञ्चालन र निर्णय लिन पुऱ्याएको योगदान | १० |
| २ | हितकोष स्थापना गर्न नियमित रुपले रकम जम्मा गरे/नगरेको | १० |
| ३ | नेतृत्व लिने क्षमता | १० |
| ४ | समूह सदस्यले छरछिमेकमा पुऱ्याएको कृषि प्रसार सेवा | १० |
| ५ | समूह सदस्यले अरु सदस्यहरूलाई पुऱ्याएको सहयोग | १० |
| ६ | सम्बन्धित सरकारी एवं गैर सरकारी निकाय संगको सम्बन्ध | १० |
| ७ | अन्य समूहसंगको सम्बन्ध | १० |
| ८ | नयाँ काम गर्न श्रृजनशिलता/अग्रसरता | १० |
| ९ | समूह भित्रको संस्थागत विकास/टिम स्पिरिटको भावना | १० |
| १० | समूहको कार्य सम्बन्धी वार्षिक योजना (सामाजिक सेवा समेतलाई विचार गर्नुपर्ने) | १० |
| ११ | जम्मा पुर्णाङ्क | १०० |

यसरी छानिएका १० जना कृषकलाई कृ.प.स.का. ले निर्धारित रकम पुरस्कार स्वरुप प्रदान गर्नु पर्दछ ।

### ३.४ कृषक समुहको सहकारीमा रुपान्तरण

कृषक समुह प्रविधि प्रसारका लागि एक शसक्त माध्यम मात्र होइन छरीएर रहेका कृषकहरुलाई एकताबद्ध गरी उनीहरुको संस्थागत विकास गर्ने बाटो पनि हो । कृषक समूह गठन हुदैमा यसले परिपक्वता प्राप्त गर्दैन । एउटा समूह गठन भएर कार्यसञ्चालनको हिसाबले परिपक्व हुंदा सम्मको अवस्थालाई विभिन्न चार चरणमा विभाजन गरी हेर्न सकिन्छ । जस्तै - निर्माण अवस्था (Forming Stage), जागरण/मन्थनको अवस्था (Storming Stage), विधान निर्माण/आचरण विकास अवस्था (Norming Stage), र कार्यगत अवस्था (Performing Stage)।

समुह सबै चरण पार गरी परिपक्व हुने अवस्था सम्म आइपुग्दा समुहबाट गरीने कतिपय कृयाकलापहरु औपचारीक भैसकेका हुन्छन् । यस्तो अवस्थामा कृषकको समुहगत संस्थालाई कानूनीरुप मै स्थापित दिगो संस्थाकोरुपमा रुपान्तरण गर्न उपयुक्त देखिन्छ । यसका लागि कृषक समुहलाई सहकारी ऐन र नियमावलीमा टेकेर कृषि सहकारीमा रुपान्तरण गर्ने तयारी गर्दा उपयुक्त देखिन्छ । कृषकहरुको यस किसिमको संस्था कानूनतः स्थापित र दिगो हुन्छ । त्यति मात्र नभएर कृषकहरुले उत्पादन गरेको बस्तुको लागि सहकारी मार्फत बजारको पहुंचमा सहजता आउदछ ।

हाल भैरहेका अधिकांस कृषि सहकारीहरु त्यति प्रभावकारी नभएको परिप्रेक्ष्यमा कृषि सहकारीलाई निम्न बमोजिमका कृयाकलापमा सहभागि गराउन आवश्यक देखिन्छ :

क. कृषि सामग्रीहरु जस्तै मल, बीउ, बेर्ना, मेसिनरी, औजार, यन्त्र र उपकरणको बिक्रि बितरण;
ख. कृषि उपजहरुको खरीद तथा बिक्रि वितरण;
ग. कृषि उपजहरुको स्थानीय प्रशोधन जस्तै - सुकाउने, केलाउने, व्यागिङ र ट्यागिङ गर्ने;
घ. अत्यावश्यक उपभोगका बस्तुको बिक्रि वितरण जस्तै - चिनी, नुन, सावुन, चियापत्ती, मट्टितेल, खाने तेल, चामल, पिठो आदि;

ङ. बचत तथा ऋण;
च. बजार सूचना; र
छ. कृषि प्रसार सेवा ।

अत्यावश्यक उपभोगका बस्तुको बिक्रि वितरण, बचत तथा ऋण, बजार सूचना जस्ता कृयाकलाप संचालन गर्दा कृषि सहकारी संस्थाले बर्षैभरी काम पाउंदछ र सहकारी पनि बर्षैभरी खुल्ने सम्भावना हुन्छ । यसका अतिरीक्त सहकारीमा सेल्स, लेखा, र मेसिनरी, औजार, यन्त्र र उपकरणहरुको कष्टम हायरीङ्ग जस्ता कार्य संचालन गर्नका लागि स्थानीय व्यक्तिहरुले नियमित रोजगारी पाउदछन् ।

**उद्देश्य :** कानूनतः मान्यता प्राप्त कृषकहरुको दिगो संस्थाको विकास गर्ने तथा उत्पादनलाई बजार संग जोड्ने ।

**कार्यविधि :** यसका लागि देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्ने :

- कृषक समुहमा समुहलाई सहकारीमा रुपान्तरण गर्ने बारे व्यापक छलफल गर्ने;
- समुहमा सहकारीको गठन, उद्येश्य र फाईदा बारे छलफल गर्ने;
- समुहलाई सहकारी शिक्षा सम्बन्धि तालिम आयोजना गर्ने;
- कृषि मेसिनरी, औजार, यन्त्र र उपकरणको कष्टम हायरीङ्ग र मेण्टेनेन्स र मर्मत सम्बन्धि तालिम आयोजना गर्ने;
- समुहलाई व्यवसाय संचालन, सहकारी लेखा र बचत तथा ऋण सम्बन्धि तालिम आयोजना गर्ने;
- समुहलाई सहकारीको विधान तयार गर्नका लागि सहयोग गर्ने;
- समुहलाई सहकारी दर्ता गर्नका लागि सहयोग गर्ने; र
- सहकारीलाई व्यवसाय आरम्भ गर्नका लागि कम्प्युटर, प्रिण्टर, टेलिफोन⁄मोवाईल, इण्टरनेट, बिद्युतिय जोख्ने तराजु, क्याल्कुलेटर, नगद राख्ने सेफ, कमसेकम एक बर्षको लागि लेखा सम्बन्धि रेकर्ड बुकहरु, अफिस फर्निचर, कष्टम हायरीङ्गका लागि पावर टिलर⁄ट्र्याक्टर उपलव्ध गराउने ।

**४. करार खेती**

विगतका केहि दशक देखि ग्रामीण युवाहरु शहरी क्षेत्र तथा विदेश तर्फ पलायन हुने क्रम बढि रहेको छ । यसबाट कृषि श्रमिकहरुको धेरै कमी देखा परेको र जमीन बांझै रहने, जमीनमा खेती गरियता पनि समयमा कृषि कार्य सम्पन्न गर्न नसकिने जस्ता समस्याले गर्दा उत्पादन तथा उत्पादकत्वमा ऱ्हास आएको महशुस भएकोछ । यस अवस्थामा नेपालमा कृषि यान्त्रीकरणको सुरुवात हुन थालेको पनि देखिएको छ । अर्को तर्फ कतिपय व्यक्ति वा कृषकहरु संग खेती गर्ने जांगर र ईच्छा भएता पनि उनीहरु संग जमीन छैन । यस्तो परिस्थितीमा करार ऐन २०५६ अनुरुप जग्गा करारमा लिएर खेती गर्ने व्यवस्थाको थालनी गर्न सकेमा कृषि विकासमा ठूलो फड्को मार्न सम्भव हुने भएकोले करार खेती कार्यक्रमलाई प्रोत्साहन दिनका लागि करार खेती कार्यक्रम राख्न आवश्यक देखिन्छ ।

**उद्देश्य :** कानूनीरुपमा जग्गा करारमा लिएर खेती गर्ने कार्यक्रमलाई प्रोत्साहन गरी कृषि उत्पादन र उत्पादकत्व बृद्धि गर्ने ।

**कार्यविधि :** यसका लागि देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्ने :

- जग्गा करारमा लिने दिने बारे समुदायमा व्यापक छलफल गर्ने;
- जग्गा करारमा लिने र दिने व्यक्तिहरुको सूची तयार गर्ने;
- जग्गा करारमा लिने व्यक्तिहरुका लागि व्यावसायिक खेती बारे तालिम आयोजना गर्ने;

- करार ऐन २०५६ बमोजिम जग्गा करारमा लिने र दिने व्यक्तिहरुका बीच सम्झौता गर्न सहयोग गर्ने; र
- करार खेती गर्ने कृषक वा समुह लाई प्राविधक सेवा टेवा उपलव्ध गराउने ।

**५. कृषि प्रसारमा संस्थागत बहुलता र निजीकरण**

कृषि क्षेत्रमा संलग्न सेवा प्रदायकहरुलाई हेर्ने हो भने मुख्यतया तीन किसिमका सेवा प्रदायकहरु देखा पर्दछन् - सरकारी संस्था, गैर सरकारी संस्था र निजी संस्था । सामान्यतया, सरकारी र गैरसरकारी संस्थाहरु आफ्ना कार्यक्षेत्र र प्राथमिकताका आधारमा कृषक र भौगोलिक क्षेत्रमा सेवा प्रवाह गर्दछन् भने निजी क्षेत्र मूख्यतया लाभ हुने काम र क्षेत्रमा संलग्न हुन्छन् । यीनै तथ्यका आधारमा यस्ता सेवा प्रदायकहरुलाई सहभागि गराउने नीति अवलम्वन गर्न उपयुक्त देखिन्छ । जस्तै - सरकारी र गैर सरकारी संस्थाहरुलाई भौगोलिकरुपमा विकट तथा गरिब, विपन्न, सामाजिक भेदभाव भोगिरहेका र विभिन्न किसिमका जोखिममा जीवनयापन गरिरहेका समूहहरुलाई सेवा पुऱ्याउनका लागि संलग्न गराउने नीति लिनु पर्दछ ।

गैरसरकारी संस्थाहरु सामाजिक परिचालनको क्षेत्रमा प्रभावकारी देखिएका छन् । तसर्थ, कुनै निश्चित समूह वा दुर्गम क्षेत्रका विपन्न र गरिब वर्गका लागि सेवा पुऱ्याउनका लागि गैरसरकारी संस्थाहरु परिचालन गर्ने नीति अवलम्बन गर्न उपयुक्त हुन्छ ।

त्यस्तै, व्यावसायिकरुपमा कृषि कार्य गरीरहेका कृषक, व्यवसायी र उद्यमीहरुलाई सेवाटेवा पुऱ्याउनका लागि निजी क्षेत्रहरु जस्तै परामर्शकर्ता, परामर्शदाता फर्म, एग्रोभेट जस्ता संस्थाहरुलाई सहभागि गराउने नीति अवलम्वन गर्नु पर्दछ ।

यस किसिमको व्यवस्थाबाट सबै तह, तप्का र भौगोलिक क्षेत्रका कृषकहरुमा सेवा पुग्नुका साथै, सेवा प्राप्त गर्ने कृषकहरुको संख्यामा बृद्धि हुने, विविध र बिशिष्ट सेवा पनि प्रदान गर्न सकिने र कृषि सेवालाई निजीकरण गर्ने बाटो पहिल्याउन सकिनेछ ।

यसपछि सरकारी क्षेत्रबाट सहजीकरण, अनुगमन, निरीक्षण, मापदण्ड विकास र गुणस्तर नियन्त्रण तर्फ केन्द्रित हुनु उपयुक्त हुन्छ ।

विश्वव्यापीकरण संगै उपभोक्ताहरुको स्वाद, आनीवानी, चाहना र सोंचमा पनि ठूलो परिवर्तन आएको छ । कृषकहरुको उत्पादन पनि यहि अनुरुप हुनु आवश्यक छ अन्यथा कृषकहरुलाई कृषि पेशा मै रहिरहन सम्भव देखिदैन । माग अनुरुप यस्ता कृषि बस्तु उत्पादन गर्नका लागि कृषकहरुलाई आवश्यक सबै सेवा र क्रियाकलापहरु एक्लो सरकारी निकायबाट मात्रै सम्भव देखिदैन । तसर्थ, कृषि क्षेत्रको समष्टिगत विकास सरकारी क्षेत्रको एकल प्रयासबाट मात्र सम्भव नहुने हुंदा कृषि प्रसारमा बहुपक्षीय सहकार्य र साझेदारी अर्थात संस्थागत बहुलता (Institutional Pluralism) र निजीकरण (Privatization) जस्ता सुधारात्मक कार्यक्रम सशसक्तरुपमा कार्यान्वयनमा ल्याउन आवश्यक देखिन्छ । यसका लागि तुलनात्मक लाभको आधारमा सरकारी संस्था र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, सहकारी संस्था, सामुदायिक संस्था, एग्रोभेट, कृषि उद्योग, कृषि व्यवसायी तथा अन्य निजीक्षेत्रहरु बीचको सहकार्य र साझेदारीमा कृषि प्रसार कार्यक्रमहरु कार्यान्वयन गर्न सकिन्छ । यस परिप्रेक्षमा कृषि विकासमा संलग्न विभिन्न निकायहरु बीच सामञ्जस्यता कायम गर्दै कृषि प्रसारले अघि बढ्नु पर्ने स्थिति भएकोले नेपाल सरकारको नीति, कार्यविधि र नर्म्स पनि स्पष्टका साथ निर्दिष्ट हुनुपर्ने देखिन्छ । यसमा सरकारी निकायबाट कुनै किसिमको नीतिगत तथा कानूनी व्यवधान हुनु हुदैन । यस किसिमको कृषि प्रसार व्यवस्थाबाट निम्न किसिमका फाइदाहरु हासिल गर्न सकिन्छ :

- कृषकहरुलाई आवश्यक सबै किसिमका सेवा उपलब्ध हुने;
- कृषिमा निजी क्षेत्रको सहभागिताका लागि उपयुक्त नीति निर्माण तथा काम गर्ने वातावरण सिर्जना हुने;
- परिपुरक र प्रतिस्पर्धी निजी क्षेत्रको विकासमा टेवा पुग्ने;

- गैरसरकारी क्षेत्रका प्रसार सेवा प्रदायकहरुलाई सरकारी क्षेत्रको प्रसारसँग परिपूरक, सहयोगी र साझेदारको रुपमा रही कार्य गर्न प्रोत्साहन हुने;
- सरकारी मात्र नभएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी तथा निजी क्षेत्रहरुको पनि कृषि विकास कार्यमा महत्व, स्वामित्व, सकृयता र योगदानमा बृद्धि हुने;
- धेरै कृषक परीवारहरुलाई समेट्न सकिने;
- सीमित साधन र श्रोतको सदुपयोग हुनुको साथै साझेदारी र सहकार्यलाई पनि प्रोत्साहन प्रदान गर्ने;
- सेवाग्राहीलाई प्रदान गर्ने सेवा निर्धारित प्रकृया तथा परिमाण र प्राविधिक मापदण्डका आधारमा निर्दिष्ट हुने;
- कार्यक्रम कार्यान्वयनमा सहजता, सरलता र पारदर्शिता हुने;
- कार्यक्रमहरुको कार्यान्वयनमा एकरुपता तथा प्रभावकारिता आउने;
- कृषि बिकास कार्यक्रममा घट्दो सरकारी लगानीको समस्यालाई सम्बोधन गर्न सकिने अर्थात कृषि बिकास कार्यक्रममा आवश्यक खर्च जुटाउन सकिने;
- कृषि बिकास कार्यक्रममा लगानी र मानवीय श्रोतमा बृद्धि हुने;
- कृषि बिकास कार्यका लागि निजी क्षेत्रको सकृयतामा बृद्धि हुने र सरकारी क्षेत्र माथिको परनिर्भरतामा कमी आउने;
- प्रविधि प्रसारमा तीब्रता आउने;
- कृषकहरुको क्षमता अभिबृद्धि हुने;
- कृषकहरुको जीवनस्तरमा सुधार हुने; र
- देशको आर्थिक मेरुदण्डकोरुपमा रहेको कृषि बिकासमा टेवा पुग्ने ।

स्थानीय तहबाट गैर सरकारी तथा निजीक्षेत्र संग सहकार्य र साझेदारीमा पारदर्शी ढंगले कृषि प्रसार कार्यक्रमहरु संचालन गर्ने नीति अवलम्वन गर्न जरुरी देखिन्छ । कुनै कृषि प्रशोधन उद्योगका लागि बृहतक्षेत्रमा आवश्यक कच्चा पदार्थ उत्पादनका लागि कृषकहरुलाई उत्प्रेरित गर्न उद्योग र स्थानीय सरकारी कृषि निकाय बीचको सहकार्यमा तरीका प्रदर्शन, नतिजा प्रदर्शन, उत्पादन प्रदर्शन, कृषक पाठशाला, प्रदर्शन फार्म र बाली प्रणाली सिकाई जस्ता कृषि प्रसारका कार्यक्रमहरु संचालन गर्न सकिन्छ । यसबाट कृषक र स्थानीय कृषिका निकाय मात्र नभएर उद्योग पनि लाभान्वित हुने भएकाले उद्योगका तर्फबाट कृषि प्रसार कार्यक्रम संचालनका लागि आवश्यक पर्ने बजेट तथा अन्य सहयोग जुटाउन सकिन्छ ।

**उद्देश्य :** कृषि प्रसारमा संस्थागत बहुलता (Institutional Pluralism) र निजीकरण (Privatization) जस्ता सुधारात्मक कार्यक्रम सशसक्तरुपमा कार्यान्वयनमा ल्याई कृषकहरुको कृषि प्रसार सेवाको पहुंचमा बृद्धि गर्ने ।

**कार्यविधि :** यसका लागि देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्ने :

- सम्भाव्य सेवा प्रदायक संघ/संस्था र निजी क्षेत्रको सूची तयार गर्ने;
- सम्भावित यस्ता सेवा प्रदायकहरु बीच कृषि प्रसार सेवा प्रवाह गर्ने बारे व्यापक छलफल गर्ने;
- सेवा प्रवाह गर्ने प्रकृया बारे व्यापक छलफल गर्ने;
- सेवा प्रवाह गर्ने प्रकृयाको खाका (कृषि प्रसार सेवाहरुको सूची, भौतिक, मानवीय र आर्थिक श्रोतको आवश्यक्ता र आपूर्तिको व्यवस्था, कृषि प्रसार कार्यक्रम कार्यान्वयन गर्ने प्रकृया, कार्यक्रमहरुको लक्ष्य, र जवाफदेहिता) तयार गर्ने; र
- स्थानीय कृषि कार्यालय र सेवा प्रदायकहरु बीच उनीहहरुको बिशेषता अनुरुप कृषि प्रसार कार्यक्रम कार्यान्वयनको सम्झौता गर्ने ।

## ६. समावेशी र सहभागितामूलक कृषि प्रसार

कृषि प्रसार कार्यक्रमलाई बढि प्रभावकारी बनाउन कार्यक्रमको प्रत्येक खुड्किला तथा प्रकृयामा कृषि प्रसार कार्यकर्ता र कृषक दुवैको सहभागिता हुन आवश्यक देखिन्छ । यस किसिमको सहभागितामूलक प्रसारले कृषकहरु बीच सिक्ने प्रक्रियालाई सहज तुल्याइदिन्छ र कृषकहरुको जीवनस्तरमा दिगो सुधार ल्याउन सहयोग पुऱ्याउदछ । सहभागितामूलक कृषि प्रसारको केन्द्रबिन्दु कृषक र कृषकका समस्या नै हुनु पर्दछ । कृषकहरुमा पनि महिला तथा पुरुष कृषक, भूमीहिन कृषि श्रमिक, सिमान्त, साना, मझौला, ठूला र व्यावसायिक कृषकहरु, कृषि व्यवसायी र कृषि उद्यमी सबैको कृषि प्रसारका बिभिन्न कार्यक्रम मार्फत सहभागिता सुनिश्चीत गर्नु पर्दछ ।

विगतका केहि बर्ष देखि कृषक पाठशाला प्रसार विधी अवलम्वन गर्दा कृषकको सहभागिता उल्लेखनियरुपमा बृद्धि भएको मात्र होइन सिक्ने वा अध्ययन गर्ने प्रकृया गहिरो तथा दिगो हुने गरेको पाईएकोछ र स्थानीयस्तरमा नै ज्ञान, सीप र व्यवहारिक अनुभव प्राप्त श्रोत व्यक्तिहरु उत्पादन गर्न सहज भएको छ । यीनका अतिरीक्त सहभागितामूलक प्रसारका निम्न लिखित फाइदाहरु छन् :

- कृषक र कृषि प्राविधिक दुबैलाई अनुभवका आधारमा सिक्ने अवसर प्रदान गर्दछ;
- कृषक र कृषि प्राविधिक दुबैको क्षमता अभिवृद्धि हुन्छ;
- कृषकहरु बीच सिक्ने प्रक्रियालाई सहज तुल्याइ दिन्छ;
- कृषकहरुलाई जीविकोपार्जनमा दिगो सुधारका लागि उपयुक्त निर्णय लिन सक्षम तुल्याउँदछ;
- नयाँ दर्शन, तौरतरिका, भूमिका र संस्थागत परिवर्तनका लागि आवश्यक पर्ने वैचारिक रुपान्तरणलाई समेट्छ;
- निर्णय प्रक्रियामा अपनत्व र स्वामित्व कायम गर्नका लागि सामूहिक निर्णय लिने परिपाटीको विकास गर्दछ;
- मागबाट परिचालित, अधिकारमा आधारित एवं परिणाममुखी सेवा प्रवाह गर्दछ;
- स्थानीय (Indigenous) ज्ञानको उपयोग र पुनर्प्राप्तिमा मद्दत गर्दछ;
- स्थानीय स्रोतको परिचालनबाट कृषिका समस्याहरुलाई क्रमशः निदान गर्दै उत्पादन र कृषकहरुको क्षमता बढाउन सघाउ पुऱ्याउँछ;
- सहभागितात्मकरुपमा समस्या पहिचान, योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन गर्ने प्रकृयाको प्रबर्द्धन गर्दछ;
- सहभागिहरुको कार्यक्रम प्रतिको विश्वास, अपनत्व र प्रभावकारीतामा बृद्धि हुन्छ; र
- ठोस उपलब्धि हासिल गर्न सकिन्छ ।

**उद्देश्य :** सबै किसिमका कृषक र उनीहरुको समस्यामा केन्द्रित कृषि प्रसारका कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

**कार्यविधि :** यसका लागि देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्ने :

- बिभिन्न किसिमका कृषक र व्यवसायीहरु (महिला तथा पुरुष कृषक, भूमीहिन कृषि श्रमिक, सिमान्त, साना, मझौला, ठूला र व्यावसायिक कृषकहरु, कृषि व्यवसायी र कृषि उद्यमीहरु) को सूची तयार गर्ने;
- यस्ता कृषक र व्यवसायीहरु संग उनीहरुका समस्या बारे व्यापक छलफल गर्ने;
- समस्यामा आधारीत कृषि प्रसारका कार्यक्रमहरु कार्यान्वयन गर्ने बारे व्यापक छलफल गर्ने;
- कृषि प्रसारका कार्यक्रमहरु कार्यान्वयन गर्ने प्रकृया बारे व्यापक छलफल गर्ने;
- कार्यक्रमहरु कार्यान्वयन गर्ने प्रकृयाको खाका (कृषि प्रसार सेवाहरुको सूची, भौतिक, मानवीय र आर्थिक श्रोतको आवश्यक्ता र आपूर्तिको व्यवस्था, कृषि प्रसार कार्यक्रम कार्यान्वयन गर्ने प्रकृया, कार्यक्रमहरुको लक्ष्य, र जवाफदेहिता) तयार गर्ने; र
- स्थानीय कृषि कार्यालय र सेवाग्राही कृषक/व्यवसायीहरु बीच कृषि प्रसार कार्यक्रम कार्यान्वयन बारे सम्झौता गर्ने ।

## ७. कृषक बर्गीकरण परि लक्षित कृषि प्रसार

कृषिमा संलग्न नेपाली कृषकहरुमा धेरै नै विविधता छ । जमीनको स्वामित्वको दृष्टिकोणले सीमान्त, साना र मझौला देखि लिएर ठूला कृषकहरु सम्म छन् । त्यस्तै, प्रत्यक्ष वा अप्रत्यक्षरुपमा खेती गर्ने प्रकृयाका आधारमा आफ्नो जग्गामा प्रत्यक्षरुपमा आफै खेती गर्ने कृषक, अरुको जग्गामा अधिंयाकारुपमा खेती गर्ने कृषक, मोहिकारुपमा खेती गर्ने र जग्गा करारमा लिई खेती गर्ने जस्ता कृषकहरु पनि छन् । यसमा भूमीहिन कृषि श्रमिकहरुलाई पनि नजरअन्दाज गर्न सकिदैन जस्को संलग्नताविना खेतीपाती सहज हुन सक्दैन । जस्तै युवाहरुलाई रोजगारी प्रदान गर्न र आय आर्जन बृद्धि गर्नका लागि कार्यान्वयनमा रहेको युवा स्वरोजगार कार्यक्रमले भूमीहिन युवालाई समेट्दैन अर्थात यो कार्यक्रममा सहभागि हुन जग्गाको स्वामित्व आवश्यक पर्दछ । त्यस्तै बैंकहरुबाट कर्जा लिन जग्गा वा अन्य सम्पत्ती धितो राख्नु पर्दछ र यस्ता सुविधाका लागि भूमीहिनहरु बन्चित रहन्छन् ।

कतिपय अवस्थामा प्रकृयागत वा कार्यगत वा प्राथमिकता वा केन्दबिन्दुको हिसावले पनि सबैखाले कृषकहरुलाई समावेश गर्न सकिएको हुदैन । जस्तै - सरकारका अधिकांस कृषि विकासका कार्यक्रमहरुमा मुख्यरुपमा पुरुषहरुको नै सहभागिता रहेको देखिन्छ जवकि कृषि क्षेत्रमा सबैभन्दा बढि संलग्नता महिलाहरु कै हुन्छ । त्यस्तै कुनै समुदायमा सिंचित क्षेत्रमा आधारीत कार्यक्रम संचालन गर्दा पाखोबारी मात्र भएका कृषकहरु र भूमीहिन कृषकहरु वन्चित हुन जान्छन् । साना कृषकमा मात्र कार्यक्रम केन्द्रित गर्दा सिमान्त, मझौला र ठूला कृषकहरु वन्चित हुन जान्छन् । जव सम्म यी सबैलाई कृषि प्रसारले समाहित गर्न सक्दैन कृषि विकासका प्रयासहरु प्रभावकारी र पूर्ण हुन सक्दैनन् । सबै किसिमका कृषक र भौगोलिक क्षेत्रलाई समेट्न सकिएमा देशमा दिगो कृषि विकास हुन सक्दछ । नेपाल कृषि प्रसार रणनीति, २०६३ ले पनि यस्ता कुराहरुलाई औंल्याएको छ ।

**उद्देश्य :** कृषकहरुका किसिम अनुरुप कृषि प्रसारका कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

**कार्यविधि :** यसका लागि देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्ने :

- बिभिन्न किसिमका कृषक र व्यवसायीहरु (महिला तथा पुरुष कृषक, भूमीहिन कृषि श्रमिक, सिमान्त, साना, मझौला, ठूला र व्यावसायिक कृषकहरु, अरुको जग्गामा अधिंयामा वा करारको जग्गामा खेती गर्ने कृषक, मोहिकारुपमा खेती गर्ने कृषक, खेत र पाखोबारी भएका कृषक, कृषि व्यवसायी र कृषि उद्यमीहरु) को सूची तयार गर्ने;
- यस्ता कृषक र व्यवसायीहरु संग उनीहरुका समस्या बारे व्यापक छलफल गर्ने;
- समस्यामा आधारीत कृषि प्रसारका कार्यक्रमहरु कार्यान्वयन गर्ने बारे व्यापक छलफल गर्ने;

- कृषि प्रसारका कार्यक्रमहरु कार्यान्वियन गर्ने प्रकृया बारे व्यापक छलफल गर्ने;
- कार्यक्रमहरु कार्यान्वयन गर्ने प्रकृयाको खाका (कृषि प्रसार सेवाहरुको सूची, भौतिक, मानवीय र आर्थिक श्रोतको आवश्यक्ता र आपूर्तिको व्यवस्था, कृषि प्रसार कार्यक्रम कार्यान्वयन गर्ने प्रकृया, कार्यक्रमहरुको लक्ष्य, र जवाफदेहिता) तयार गर्ने; र
- कृषहरुको बर्गिकरण अनुरुप बिभिन्न किसिमका कृषि प्रसारका कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

**८. नतिजा उन्मुख कृषि प्रसार**

कृषि विकासको चारवटा पांग्रामा कृषि शिक्षा, कृषि अनुसन्धान, कृषि प्रसार र कृषक  मानिन्छन् । कुनै पनि पांग्रा कमजोर भएमा गाडी अगाडी बढ्न सक्दैन । गाडीलाई गन्तव्यमा पुऱ्याउन सबै पांग्रा ठिक हुन जरुरी छ । यी चारै पांग्रामा सवार गराईने कृषि प्रसार लक्ष्यमुखिको सट्टा नतिजा उन्मुख भएमा मात्र गन्तव्यमा पुग्न सक्दछ ।

कृषकका समस्या पहिचान गर्ने, समस्या समाधानार्थ उक्त समस्या कृषि अनुसन्धान सम्म पुऱ्याउने र अनुसन्धानबाट समस्या समाधान गर्नका लागि प्राप्त नतिजा कृषक समक्ष पुऱ्याउने पुलको काम गर्न कृषि प्रसारको भूमिका महत्वपूर्ण हुन्छ । कृषि विकासको चूरो भनेको नै प्रसारले कृषकको परिवेशको गहन अध्ययन गरी पहिचान गरीएका कृषकका समस्याहरु हुन् यीनै समस्याका आधारमा नै कृषि अनुसन्धानले अनुसन्धान कार्यहरु गर्ने भएकाले कृषि विकासमा कृषि प्रसारको अहम् भूमिका हुन्छ । कृषि प्रसारका कुनै पनि कार्यको असर श्रृंखलाबद्ध र बृहद हुन्छन् । तसर्थ, कृषि प्रसारका कार्यक्रमहरु नतिजा उन्मुख हुन जरुरी छ अर्थात कृषि प्रसारका कुनै पनि कार्य लक्ष्य उन्मुखको सट्टा नतिजा उन्मुख हुन जरुरी छ । यसमा कृषक पाठाला र कृषक पाठशालामा सहभागि अगुवा कृषकहरुद्वारा किसानदेखि किसान कार्यक्रम सञ्चालन व्यवस्था पनि गर्न सकिन्छ ।

एउटा सानो दृष्टान्त - कुनै निश्चित स्थानका कृषकको जीवनस्तर दयनीय देखिन्छ । कृषि प्रसारको अध्ययनबाट यसको कारणमा बालीको न्यून उत्पादकत्व भएको पत्ता लाग्दछ । उक्त समस्या बारे कृषि अनुसन्धानबाट अनुसन्धान हुंदा यसको मूल कारण कुनै निश्चित रोग भएको र रोकथामका लागि रोग अवरोधक जात लगाउने सिफारीस हुन्छ । यस अवस्थामा कृषि प्रसारको लक्ष्य सिफारीस भएको नयां जातले खेती गरीरहेको पुरानो जातलाई प्रतिस्थापन गर्ने र उक्त नयां जातको क्षेत्र विस्तार गर्ने हुनु पर्दछ । अर्थात प्रसारले यस्ता तरीकाहरु अवलम्वन गर्नु पर्दछ जस्ले गर्दा कृषकहरुले उक्त जातलाई ग्रहण गरुन र त्यसको क्षेत्र बिस्तार होस ।

**उद्देश्य :** नतिजा उन्मुख कृषि प्रसारका कार्यक्रमहरु कार्यान्वियन गर्ने  ।

**कार्यविधि :** यसका लागि देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्ने

- कृषक र व्यवसायीहरुको सहभागितामा उनीहरुका समस्या बारे व्यापक छलफल गर्ने;
- प्राथमिकताक्रम अनुसार समस्याहरुको सूची तयार गर्ने;
- समस्यामा समाधान गर्नका लागि स्पष्टरुपमा नतिजा देखाउने कृषि प्रसारका कार्यक्रमहरु कार्यान्वियन गर्ने बारे व्यापक छलफल गर्ने;
- कृषि प्रसारका यस्ता कार्यक्रमहरु कार्यान्वियन गर्ने प्रकृया बारे व्यापक छलफल गर्ने;
- कार्यक्रमहरु कार्यान्वयन गर्ने प्रकृयाको खाका (कृषि प्रसार सेवाहरुको सूची, भौतिक, मानवीय र आर्थिक श्रोतको आवश्यक्ता र आपूर्तिको व्यवस्था, कृषि प्रसार कार्यक्रम कार्यान्वयन गर्ने प्रकृया, कार्यक्रमहरुको लक्ष्य, र जवाफदेहिता) तयार गर्ने; र
- नतिजामुखी कृषि प्रसार कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

**९. कृषि यान्त्रीकरण**

नेपालका ग्रामीण युवाहरु विदेश तथा शहरीक्षेत्रमा पलायन हुने क्रम सुरु भए देखि नै कृषिमा कृषि श्रमिकहरुको अभाव महशुस भएको छ । फलस्वरुप कृषिमा मेशिनरी, औजार, यन्त्र र उपकरणहरुको प्रयोग पनि बिस्तारै बढ्दै गएको छ । यसबाट केहि हद सम्म कृषक श्रमिकको अभावलाई न्यून पार्नुका साथै कृषिमा आकर्षण/ग्लेमर पनि थपिएको छ । यस्ता औजारहरुमा ट्रयाक्टर, हाते ट्रयाक्टर, पावर टिलर, वीडर, च्याफ कटर, रिपर, ग्रास कटर, सीडर, दाना मेकर/मिक्सर, पोल्ट्रि वाटर ड्रिपर/ड्रिंङ्कर, मिनी हार्भेष्टर, पोर्टेबल थ्रेसिंङ्ग मेशिन देखि ठूला कम्बाइन हार्भेष्टर सम्म प्रयोगमा आईरहेका छन् । यहि मौकामा कृषिमा यान्त्रीकरणको प्रबर्द्धन गर्न सहज हुने देखिएकोले बिभिन्न प्रबर्द्धनात्मक कार्यक्रमहरु संचालन गर्न आवस्यक देखिन्छ ।

**उद्देश्य :** कृषिमा यान्त्रीकरण प्रबर्द्धन गर्ने ।

**कार्यविधि :** यसका लागि देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्ने :

- कृषकहरु बीच कृषि श्रमिकहरुको अभाव र यो समस्या समाधान गर्न उन्नत औजार, यन्त्र, उपकरण र मेशिनरीको बारे व्यापक छलफल गर्ने;
- उन्नत औजार, यन्त्र, उपकरण र मेशिनरीहरुका फाईदाहरु बारे कृषकहरुलाई जानकारी गराउने;
- भौगोलिक अवस्थिती र कृषकहरुको स्तर अनुरुप उपयुक्त औजार, यन्त्र, उपकरण र मेशिनरीहरुको छनौट कसरी गर्ने भन्ने बारे कृषकहरुसंग छलफल गर्ने;
- यस्ता औजार, यन्त्र, उपकरण र मेशिनरीहरुको प्रयोग, मर्मत, सम्भार र कृषि सहकारी मार्फत कष्टम हायरीङ्ग गर्ने व्यवस्था बारे तालिम आयोजना गर्ने;
- कृषि सहकारी मार्फत यस्ता औजार, यन्त्र, उपकरण र मेशिनरीहरुको कष्टम हायरीङ्गको व्यवस्था गर्ने; र
- यस्ता औजार, यन्त्र, उपकरण र मेशिनरीहरुमा अनुदानको व्यवस्था गर्ने ।

**१०. समस्या पहिचान कार्यशाला गोष्ठी**

कुनै पनि कृषि प्रसार वा कृषि विकासका कार्यक्रम कृषकका समस्यामा आधारीत हुन आवश्यक छ। यस अनुसार कृषि प्रसार कार्यक्रम तर्जुमा गर्न सके मात्र त्यस्ता कार्यक्रमहरू प्रभावकारी हुन्छन् । कृषकहरूको निकटतम सहभागितामा समस्या पहिचान गर्ने विभिन्न तरिकाहरू जस्तै Participatory Rural Appraisal (PRA), Rapid Rural Appraisal (RRA), Problem Census and Problem Solving (PCPS), Farmers Need Assessment (FNA) जस्ता प्रचलनमा छन् । यस्ता विधिहरू मध्ये कृषक समस्या पहिचान र समाधान विधि (PCPS) प्रयोग गर्न सरल देखिएकोले कृषि विकास कार्यक्रममा यो विधि प्रयोग गरी कृषक सहभागितामा समस्या पहिचान र समाधानको लागि कार्यक्रम तर्जुमा गर्न उपयुक्त देखिन्छ ।

**उद्देश्य :** कुनै पनि कृषि प्रसार वा कृषि विकासका कार्यक्रमहरु कृषकका समस्याका आधारमा तर्जुमा गर्न उनीहरुको समस्या पहिचान गर्ने ।

**कार्यविधि :** यसका लागि देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्ने :

- प्राविधिकहरु अनभिज्ञरुपले कार्यशाला गोष्ठिमा प्रस्तुत हुनुको सट्टा स्थानीय तथ्यांङ्क र वातावरण सम्बन्धि पूर्व जानकारी लिई र तीनको अध्ययन गरेर मात्र गोष्ठिमा प्रस्तुत हुने ।
- कृषक समुहसंग छलफल गरी कार्यशाला गोष्ठिको मिति, समय र स्थान निश्चित गर्ने ।
- बैठकका लागि आवश्यक सामग्रीहरू (सेतो फुल्स्केप कागज, पेन्सिल, फ्लीप चार्ट अथवा करीव ५० से.मी. चौडा र १०० से.मी. लम्बाईको कागजका ठूला पानाहरू, विभिन्न रंगका चिनो लगाउने कलमहरू, सेलोटेप, धागो, पिन र थम्पिनहरू) जुटाउने ।

- करीव १५-२० मिनेटसम्म प्रत्येक सदस्यहरूलाई आफूले भोगेका समस्याहरु सम्भनका लागि उत्प्रेरित गर्दै समस्या पहिचान गर्ने कार्य शुरु गर्ने ।
- आफुबाट पहिचान भएका समस्याहरूको सूची सहित कृषकहरुलाई विभिन्न उप-समूहमा विभाजित गरी छलफल गर्न लगाउने । प्रत्येक सहभागीलाई आफुले पहिचान गरेका समस्या राख्न र आफ्ना अनुभव र विचार व्यक्त गर्ने अवसर दिने ।
- समस्या पहिचान गर्ने क्रममा कृषि प्रसार कार्यकर्ताले उप-समूहहरूलाई उनीहरूको वास्तविक काम के हो भन्ने स्पष्ट गर्नुमा मात्र सीमित रही माग भएको अवस्थामा मात्र सहयोग पुऱ्याउनु पर्दछ । यदि कुनै सहभागी निरक्षर छ भने उस्को समस्याहरु टिपोट गर्न कृषि प्रसार कार्यकर्ता आफैले वा अन्य सहभागी कृषकले टिपोट गरीदिने व्यवस्था मिलाउने ।
- कृषकहरुले औल्याएका समस्याहरु उपर उप-समूहमा छलफल गरी समस्याहरुको वर्गीकरण (grouping) (जस्तै उत्पादन पूर्व, उत्पादनका समयमा, प्रशोधन गर्दा र उत्पादनोपरान्तका समस्याहरु) र प्राथमिकिकरण (prioritization) गर्ने ।
- सबै उप-समूहहरूलाई संगै राखि प्रत्येक उप-समूहबाट पहिचान भएका समस्याहरू प्रस्तुत गर्न लगाउने ।
- कृषकहरू एक्लाएक्लैको विचार र निर्णय भन्दा सबैको विचारका आधारमा निर्क्यौल गरी पहिचान गरिएको समस्या वास्तविक हुन्छ भन्ने भावना जगाउदै प्रस्तुत समस्याहरू बारे छलफल गर्ने र सहमतिको आधारमा तीनको पुनः वर्गीकरण (grouping) र पुनः प्राथमिकिकरण (prioritization) गर्ने ।
- समस्या समाधानका उपायहरू बारे छलफल गर्ने ।
- समस्या समाधानका लागि कृषि विकास वा कृषि प्रसारका योजना वा कार्यक्रमहरू तय गर्ने ।
- कुनै पनि योजना वा कार्यक्रम तय गर्नका लागि कृषक समस्या पहिचान कार्यशाला गोष्ठीको आयोजना गर्ने ।

**११. कृषक तालिम**

स्थानीयस्तरमा ३-५ दिनसम्मको कृषि सम्बन्धि विभिन्न विषय विशेष तालिमहरू सञ्चालन गर्ने । तालिम कृषकहरूको समस्या समाधान गर्ने बिषयमा केन्द्रित हुन आवश्यक छ । तालिममा २०-३० जना कृषक सहभागी गराउने ।

**उद्देश्य :** कृषकहरूको समस्या समाधान गर्ने विषयमा ज्ञान र सीप अभिबृद्धि गर्ने ।

**कार्यविधि :** यसका लागि देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्ने :

- कृषकहरूको समस्या र समस्या समाधानमा आधारीत बिषयमा तालिम संचालन गर्ने ।
- तालिम संयोजक तोक्ने ।
- तालिमको बिषसयसंग सम्बन्धित श्रोत प्राविधिकहरू पहिचान गर्ने र उनीहरुबीच छलफल गर्ने, श्रोत प्राविधिकहरूलाई पाठको तयारी गर्न लगाउने, तालिम सामग्री र बजेटको व्यवस्था र तालिम कार्यक्रम तयार पार्ने ।
- तालिमको लागि सहभागी छनौट गर्ने । सहभागी छनौट गर्दा तालिमको बिषयसंग सम्बन्धित कृषक वा कृषक समूहमा सकृय र उल्लेखनिय योगदान पुऱ्याइ रहेको र आफूले सिकेका कुरा अरुलाई सिकाउन अग्रसर रही स्थानीय कृषि विकासमा केही गरौं भन्ने भावना भएको कृषक छनौट गर्ने ।
- तालिमका लागि सम्भावित उम्मेदवार धेरै भए सवैभन्दा पहिले तालिमको बिषयसंग सम्बन्धित महिला कृषक, त्यसपछि तालिमको बिषयसंग सम्बन्धित पुरुष कृषक र अन्त्यमा कृषक समूहमा सकृय र उल्लेखनिय योगदान पुऱ्याइ रहेको र आफूले सिकेका कुरा अरुलाई सिकाउन अग्रसर रही गाउँको कृषि विकासमा केही गरौं भन्ने भावना भएको कृषक छनौट गर्ने ।

- सहभागी हुने कृषकहरूलाई तालिमको जानकारी गराई सहभागी हुन बोलाउने ।
- शैक्षिक सामग्रीहरू (श्रव्य-दृश्य सामग्रीहरू) को व्यवस्था मिलाउने ॥
- तालिम कार्यक्रममा फिल्ड भ्रमण, फिल्ड तालिम, फिल्ड अध्ययनको व्यवस्था भएमा सम्बन्धित संस्थाहरूसंग पूर्व सम्पर्क राखी कार्यक्रम निश्चित गर्ने ।

**१२. तरीका प्रदर्शन**

कृषि सम्बन्धि उन्नत तरीका, सीप वा प्रविधि कृषि प्रसार प्राविधिकले कृषकहरुको भेलामा आफै गरी देखाई सिकाउने प्रकृयालाई तरीका पदर्शन भनिन्छ । आवश्यक परेमा तरीकाहरुको अभ्यास दोहऱ्याएर गर्नु पर्दछ । तरीका प्रदर्शन गर्दा क्रमैसंग तरीका सिकाउने गर्नु पर्दछ । तरीका प्रदर्शन गर्ने क्रममा कृषकहरुबाट प्रश्नोत्तर गराइएमा प्रदर्शन बढि प्रभावकारी हुन्छ । तत्पश्चात प्रत्येक सहभागीलाई सिकाईएका तरीका, सीप वा प्रविधि पालैपालो अभ्यास गर्ने मौका दिनु पर्दछ । तसर्थ तरीका प्रदर्शनका लागि २० जना भन्दा बढि सहभागी उपयुक्त हुदैन । तरीका प्रदर्शन कृषकका समस्या समाधान गर्ने उद्येश्यले गर्नु पर्दछ ।

**उद्देश्य :** कृषकहरुलाई कृषि सम्बन्धि उन्नत तरीका, सीप वा प्रविधि गर्ने तरीका सिकाउने ।

**कार्यविधि :** यसका लागि देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्ने :

- समाधान गर्नु पर्ने समस्याको पहिचान गर्ने ।
- प्रदर्शन गर्ने उन्नत तरीका, सीप वा प्रविधिको गहन बिश्लेषण गर्ने अर्थात सिकाउन खोजिएको कुरा कृषकहरुका लागि कत्तिको महत्वपूर्ण छ ? के कृषकहरु यसको अनुशरण गर्न सक्षम छन् ? के यो तरीका, सीप वा प्रविधिका लागि आवश्यक सामग्री स्थानीयस्तरमा उपलव्ध छ ? आदि कुराहरुको बिचार गर्नु पर्दछ ।
- प्रदर्शन स्थलमा जानु भन्दा अघि प्रदर्शनको लागि आवश्यक सम्पूर्ण सामग्री तयार गर्ने ।
- प्रदर्शन स्थलमा जानु अघि प्रदर्शनको अभ्यास आफैले दुई चार पटक गर्ने ।
- प्रदर्शन गरेर देखाउंदा बोल्ने बिषयहरुको टिपोट बनाउने ।
- उपस्थित सबै कृषकहरुलाई स्वागत गर्दै प्रदर्शनमा के देखाउन खोजेको हो भन्ने कुरा स्पष्टरुपमा बुझाई प्रदर्शनको शुरुवात गर्ने ।
- सबैले राम्ररी देख्न सक्ने गरी प्रदर्शन गर्ने व्यवस्था गर्ने ।
- प्रदर्शन संचालन गर्दा कृषकहरुलाई समय समयमा प्रश्न सोधी उनीहरुले बुझे नबुझेको बिचार गर्ने र नबुझेको महसुस भए पुनः बुझाउने ।
- प्रदर्शनको उपलव्धि कसरी मूल्यांकन गर्ने भन्ने बारे कृषकहरुलाई बताउने । जस्तै बीउको उपचार गर्ने तरीका बारे तरीका प्रदर्शन गरेको हो भने सहि उपचार पश्चात निर्दिष्ट रोग बालीमा देखा पर्नु हुदैन ।
- अन्तमा कृषकको मन्तव्य र राय सुन्ने र आफ्नो प्रतिक्रिया सहित सबैलाई धन्यवाद दिई प्रदर्शन समापन गर्ने ।

**१३. नतिजा प्रदर्शन**

कृषकहरुकै खेतबारीमा कुनै नयाँ प्रविधिको महत्व सिद्ध गरी नयाँ र पुरानो प्रविधिको तुलनात्मक नतिजा कृषकहरूलाई देखाउनका लागि नतिजा प्रदर्शन सञ्चालन गर्नु पर्दछ । नतिजा प्रदर्शन कृषकका समस्या समाधान गर्ने उद्येश्यले गर्नु पर्दछ । खाद्यान्न बाली, दाल, तेलहन, कपास तथा अन्य बालीहरूमा एकै पटक एक अथवा एक भन्दा वढी प्रविधिहरूको तुलना गरी देखाउन पनि यो शैक्षिक तरिका प्रयोग गर्न सकिन्छ तर कुनै एउटा समस्यालाई मात्र लिएर नतिजा प्रदर्शन गर्दा प्राप्त हुने नतिजा सर्वसाधारण कृषकहरुलाई प्रष्टसंग देखाउन सकिने भएकोले एउटा समस्यालाई मात्र लिएर गर्दा नतिजा प्रदर्शन बढि प्रभावकारी हुन्छ । जस्तै - पंक्तिमा रोप्ने तरीका र छरुवा गरी रोप्ने तरीकाको

तुलनात्मक नतिजा देखाउने, स्थानीय र उन्नत जातको उत्पादकत्वको नतिजा देखाउने वा तुलना गर्ने आदि । नतिजा प्रदर्शन मधेश र भित्रि मधेशमा २ कठ्ठा र अन्य क्षेत्र (हिमाल, पहाड र काठमाण्डौ उपत्यका) मा १ रोपनी क्षेत्रफलमा सञ्चालन गर्नु पर्दछ । नतिजा प्रदर्शन कृषि प्रसार प्राविधिकको रेखदेखमा कृषकहरुको सहभागितामा कृषकहरुलाई नै गर्न लगाउनु पर्दछ । धेरै संख्या भन्दा थोरै तर स्तरीय र प्रदर्शनको मूलभूत सिद्धान्त र प्रकृया अनुरुप प्रदर्शन सञ्चालन गर्ने नीति अवलम्बन गरी वहुसंख्यक कृषकहरूलाई लाभान्वित गराउनु पर्दछ ।

**उद्देश्य :** नयाँ र पुरानो प्रविधिको नतीजा तुलना गरी नयाँ प्रविधिको उपयुक्तता सिद्ध गर्ने ।

**कार्यविधि :** यसका लागि देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्ने :

- नतिजा प्रदर्शनको लागि जग्गा छनौट गर्दा सबैले सजिलैसँग देख्न र निरीक्षण गर्न सक्ने सडकको छेउछाउको जग्गा छनौट गर्ने । जग्गा छनौट गर्दा छाडा गाईबस्तुले बाली नोक्सान नपुऱ्याउने जग्गा छनौट गर्ने तर्फ ध्यान पुऱ्याउने ।
- प्रदर्शन प्लटमा निम्न विवरण सहितको डिस्प्ले वोर्ड राख्ने व्यवस्था गर्ने :

➢ प्रदर्शनको किसिम :
➢ कृषकको नाम :
➢ बालीको नाम/जात :
➢ क्षेत्रफल :
➢ मलखादको मात्रा :
➢ आरम्भ गरेको मिति आदि

- कृषकलाई प्रदर्शनका लागि आवश्यक सामग्रीका साथमा डिस्प्ले वोर्ड र प्रदर्शनको किसिम, प्रदर्शनमा प्रयोग हुने बीउको नाम, जात, बीउ लगाउने समय, गोडमेल र मलजल गर्ने समय, कटानी गर्ने समय, अनुमानित उत्पादन, प्रदर्शनबाट आशा गरिएको उपलब्धी आदि विवरण भएको पर्चा उपलव्ध गराउने ।
- सम्पूर्ण सामग्री जुटाई सकेपछि नजिकका कृषकहरूको भेला गरी प्रदर्शन कार्यको थालनी गर्ने ।
- प्रदर्शनका क्रममा भएगरेका सबै काम कुराहरूको अभिलेख राख्ने । जस्तैः वर्षा भएको दिन, रोग कीरा लागेको भए सोको विवरण आदि ।
- मूख्य मूख्य क्रियाकलापहरु वा बालीको बिशेष स्थिति अवलोकन गर्ने समयमा प्रदर्शन प्लटमा कृषकहरूको भेला गरी क्रियाकलापहरु वा बाली स्थितिको अवलोकन गराउने ।
- कृषि प्रसार प्राविधिकले कृषकको नाम, ठेगाना, बीउ लगाईएको समय, प्रयोग भएको मलखादको मात्रा र समय, प्रयोग गरिएका प्रविधिहरू र मिति/समय, प्रदर्शन प्रति कृषकहरुको धारणा जस्ता विवरणहरू रेकर्ड गर्ने ।
- प्रदर्शनको नतिजा प्राप्त हुने समयमा प्रदर्शन प्लटमा २० देखि ३० कृषकहरुको भेला आयोजना गरी नतिजा देखाउने र नौलो प्रविधि ग्रहण र अवलम्वन गर्न सबैलाई उत्प्रेरण गर्ने ।
- प्रदर्शन प्लटबाट प्राप्त रेकर्ड विश्लेषण गरी त्यसको सकारात्मक नतिजा अन्य कृषकहरूमा पनि विस्तार गर्ने ।

**१४. उत्पादन प्रदर्शन**

उत्पादन प्रदर्शन पनि कृषकका समस्या समाधान गर्ने उद्येश्यले गर्नु पर्दछ । उत्पादन प्रदर्शन बढि क्षेत्रफलमा गरीने भएकोले सामान्यतया सबैले यस्तो प्रदर्शन टाढैबाट देखेर प्रदर्शन प्रति धेरै कृषकहरुको आकर्षण हुने भएकोले उत्पादन प्रदर्शन गरीन्छ । यसका अतिरीक्त प्रदर्शनको क्षेत्रफल पनि ठूलो हुने भएकोले एक वा एक भन्दा वढी प्रविधिहरूको तुलना गरी देखाउन पनि यो शैक्षिक तरिका प्रयोग गर्न सकिन्छ र बढि क्षेत्रफलबाट बढि परिमाणमा उत्पादन प्राप्त हुने भएकाले नतिजा पनि प्रष्टसंग देखाउन सकिन्छ । उत्पादन प्रदर्शन मधेश र भित्रि मधेशमा ६ कठ्ठा र अन्य क्षेत्र ( हिमाल, पहाड र काठमाण्डौ उपत्यका) मा ३ रोपनी क्षेत्रफलमा सञ्चालन गर्नु पर्दछ । धेरै संख्या भन्दा थोरै तर

स्तरीय र प्रदर्शनको मूलभूत सिद्धान्त र प्रकृया अनुरुप प्रदर्शन सञ्चालन गर्ने नीति अवलम्बन गरी वहुसंख्यक कृषकहरूलाई लाभान्वित गराउनु पर्दछ ।

**उद्देश्य :** एकभन्दा बढि प्रविधिहरूको संयुक्त प्रयोगको उपयुक्तता देखाई कृषकहरूलाई उक्त प्रविधि तर्फ आकर्शित गर्ने ।

**कार्यविधि :** यसका लागि देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्ने :

- नतिजा प्रदर्शनको लागि जस्तै प्रदर्शन प्लट र क्षेत्र छनौट गरी कृषकको सहभागितामा प्रदर्शन आरम्भ गर्ने ।
- प्रदर्शन प्लटमा निम्न विवरण सहितको डिस्प्ले वोर्ड राख्ने व्यवस्था गर्ने :
- ➢ प्रदर्शनको किसिम :
- ➢ कृषकको नाम :
- ➢ बालीको नाम ⁄ जात :
- ➢ क्षेत्रफल :
- ➢ मलखादको मात्रा :
- ➢ आरम्भ गरेको मिति आदि
- कृषकलाई प्रदर्शनका लागि आवश्यक सामग्रीका साथमा डिस्प्ले वोर्ड र प्रदर्शनको किसिम, प्रदर्शनमा प्रयोग हुने बीउको नाम, जात, बीउ लगाउने समय, गोडमेल र मलजल गर्ने समय, कटानी गर्ने समय, अनुमानित उत्पादन, प्रदर्शनबाट आशा गरिएको उपलब्धी आदि विवरण भएको पर्चा उपलव्ध गराउने ।
- सम्पूर्ण सामग्री जुटाई सकेपछि नजिकका कृषकहरूको भेला गरी प्रदर्शन कार्यको थालनी गर्ने ।
- प्रदर्शनका क्रममा भएगरेका सबै काम कुराहरूको अभिलेख राख्ने । जस्तैः वर्षा भएको दिन, रोग कीरा लागेको भए सोको विवरण आदि ।
- मूख्य मूख्य क्रियाकलापहरु वा बालीको बिशेष स्थिति अवलोकन गर्ने समयमा प्रदर्शन प्लटमा कृषकहरूको भेला गरी क्रियाकलापहरु वा बाली स्थितिको अवलोकन गराउने ।
- कृषि प्रसार प्राविधिकले कृषकको नाम, ठेगाना, बीउ लगाईएको समय, प्रयोग भएको मलखादको मात्रा र समय, प्रयोग गरिएका प्रविधिहरू र मिति ⁄ समय, प्रदर्शन प्रति कृषकहरुको धारणा जस्ता विवरणहरू रेकर्ड गर्ने ।
- प्रदर्शनको नतिजा प्राप्त हुने समय अर्थात बाली कटानी गर्ने बेलामा प्रदर्शन प्लटमा २० देखि ३० कृषकहरुको भेला आयोजना गरी नतिजा देखाउने र नौलो प्रविधि ग्रहण र अवलम्वन गर्न सबैलाई उत्प्रेरण गर्ने ।
- प्रदर्शन प्लटबाट प्राप्त रेकर्ड विश्लेषण गरी त्यसको सकारात्मक नतिजा अन्य कृषकहरूमा पनि विस्तार गर्ने ।

### १५. कृषक दिवस

ज्ञानोपार्जन वा सिकाईको सिद्धान्त अनुसार पढेका कुरा १० प्रतिशत, सुनेका कुरा १० प्रतिशत, देखेका कुरा ३० प्रतिशत, सुनेका र देखेका कुरा ५० प्रतिशत, कुराकानी गर्दा भनेका कुरा ७० प्रतिशत, र गरेका कुराबाट ९० प्रतिशत सम्म ज्ञानोपार्जन गर्न सकिने कुरा उजागर गरेकोछ । कृषकहरुले सुनेको भन्दा आफ्नै आंखाले देखेका कुराहरुमा बढि बिश्वास र अनुकरण पनि गर्ने भएकाले यस्ता कृयाकलापहरु कृषकहरुलाई प्रत्यक्ष्यरुपमा देखाउन कृषि फार्म वा अनुसन्धान केन्द्रहरुमा कृषक दिवस कार्यक्रमको आयोजना गर्नु पर्दछ । यस क्रममा फार्म वा केन्द्रका बिशेषज्ञ र बैज्ञानिकहरूसंग कृषकहरुको अन्तरक्रिया पनि गराउनु पर्दछ । कृषक दिवस स्थानीय कृषि कार्यालयबाट कार्यान्वयन भैरहेका कृषि विकास तथा कृषि प्रसारका कार्यक्रमहरुसंग सम्बन्धित हुनु पर्दछ अर्थात कृषकहरु आफै संलग्न भैरहेका कार्य वा तरीकाहरु वा तीनको प्रतिफल कृषि फार्म वा अनुसन्धान केन्द्रहरुमा अवलोकन गराउनु पर्दछ । अन्यथा

दिवसको सार्थकता रहदैन । यसबाट कृषकहरुमा नयां प्रविधि प्रति आत्मविश्वास जगाउंदछ र उनीहरुलाई जाने वा सिकेका कुराहरु छरछिमेकमा प्रसार गर्न उत्प्रेरण गर्दछ ।

**उद्देश्य :** कृषकहरूलाई नयाँ प्रविधि तर्फ आत्मविश्वास जगाउने ।

**कार्यविधि :** यसका लागि देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्ने :

- स्थानीय कृषि कार्यालयबाट कार्यान्वयन गरीएका कृषि विकास वा कृषि प्रसार कार्यक्रममा प्रत्यक्षरुपमा सहभागी र यी कार्यक्रमका प्रभावक्षेत्रका कृषकहरू छनौट गर्ने ।
- सम्बन्धित कृषि फार्म वा अनुसन्धान केन्द्रसंग छलफल गरी कृषक दिवसको मिति, समय र अवलोकन गराउने बिषयबस्तु बारे निर्णय गर्ने ।
- छनौट भएका कृषकहरुलाई कृषि फार्म वा अनुसन्धान केन्द्रमा निर्धारित नतिजा र बिषयबस्तुहरुको अवलोकन गराउने र बिशेषज्ञ र वैज्ञानिकहरुसंग अन्तरक्रिया गराउने ।
- अवलोकन र अन्तरक्रिया पश्चात अवलोकन गरेका कुन कुन प्रविधिहरू अनुकरण गर्न लायक देखिए भन्ने बारे छलफल गरी कार्यक्रम समापन गर्ने ।

**१६. भ्रमण कार्यक्रम**

कतिपय उपयोगी प्रविधिहरु बारे कृषकहरू जानकार नभएका वा अवलोकन गर्ने अवसर नपाएका कारण त्यस्ता प्रविधि कृषकहरूले उपयोग गर्न सकिरहेका हुदैनन । तसर्थ, कृषकहरुलाई स्थानीय वा अन्तर स्थानीय वा प्रदेश भित्रका उत्कृष्ट कृषकको उत्पादन स्थल वा फार्महरूमा भ्रमण गराई विभिन्न गतिविधि अवलोकन गराई त्यसबाट प्रभावित भई नयाँ प्रविधि अवलम्बन गर्न सघाउ पुऱ्याउने उद्येश्यले कृषक भ्रमण कार्यक्रम आयोजना गर्नु पर्दछ । भ्रमण कार्यक्रम पनि कृषकका समस्या समाधानमा आधारित हुनु पर्दछ ।

**उद्देश्य :** कृषकहरूलाई स्थानीय वा अन्तर स्थानीय वा प्रदेश भित्रका उत्कृष्ट कृषकको उत्पादन स्थल वा फार्महरूमा भ्रमण गराई विभिन्न गतिविधि अवलोकन गर्न लगाई त्यसबाट प्रभावित भई नयाँ प्रविधि अवलम्बन गर्न सघाउ पुऱ्याउने ।

**कार्यविधि :** यसका लागि देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्ने :

- भ्रमणको उद्येश्य, भ्रमण गर्ने स्थान र मिती एकिन गर्ने ।
- कृषक घरक्षेत्रबाट भ्रमण शुरु गर्न र सदरमुकाममा भेला हुन र फर्कने बाटोको म्याद बाहेक ३-५ दिनको अवधि भ्रमण कार्यक्रम तय गर्ने ।
- स्थानीय कृषि कार्यालयबाट कार्यान्वयन गरीएका कृषि विकास वा कृषि प्रसार कार्यक्रममा प्रत्यक्षरुपमा सहभागी र यी कार्यक्रमका प्रभावक्षेत्रका ३०-३५ जना सिक्न सक्ने र सिकाउने भावना र क्षमता भएका अगुवा कृषकहरुको भ्रमणका लागि छनौट  गर्ने ।
- सम्बन्धित सबैलाई भ्रमण कार्यक्रम बारे अग्रीम खवर गर्ने ।
- भ्रमण कार्यक्रम अवधिभर अवलोकन गर्ने, वस्ने र खाने स्थान, फष्टएड उपचार आदिको अग्रीम रुपमा तयार गरी भ्रमण कार्यक्रम प्रारम्भ गर्ने ।
- भ्रमणको सुरुमा परिचय लिने दिने र कार्यक्रम बारे सहभागी सबैलाई स्पष्टरुपले वताउने ।
- अन्तमा भ्रमणको समीक्षा गरी कार्यक्रमको समापन गर्ने ।

**१७. कृषि मेला प्रदर्शनी**

"देखेपछि विश्वास वढ्छ" भन्ने वास्तविकताको आधारमा उन्नत कृषि यन्त्र, उपकरण, मेशिनरी, औजार, कृषि बस्तु र अन्य प्रविधि तथा कृषकहरूद्वारा उत्पादित कृषि उपजहरू प्रदर्शनमा राखेर उनीहरू वीच प्रतिस्पर्धा गराई दर्शक कृषक

र व्यवसायीहरूलाई नयां प्रविधि अपनाई वढी उत्पादन गर्न प्रेरित गर्नका लागि यो कार्यक्रम सञ्चालन गर्नु पर्दछ । स्थानीय चाड, पर्व, मेला, उत्सव आदिको अवसरमा कृषि मेला प्रदर्शनी आयोजना गर्दा अत्यधिक दर्शकले गर्न सक्ने भएकाले यो कार्यक्रम त्यहि समयमा आयोजना गर्ने व्यवस्था गर्नु पर्दछ । यसका लागि धेरै व्यक्ति, संघ/संस्थाहरुको सहयोग र सहभागिताको आवस्यकता पर्ने भएकोले व्यवस्थित तरीकाले मेला प्रदर्शनी गर्ने चाजोपाजो मिलाउनु पर्दछ ।

**उद्देश्य :** दर्शक कृषक र र व्यवसायीहरूलाई नयाँ र उन्नत प्रविधिहरू र तीनका प्रतिफल बारे जानकारी गराई नयाँ र उन्नत प्रविधिहरू अपनाउन प्रोत्साहित गर्ने ।

**कार्यविधि :** यसका लागि देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्ने :

- प्रदर्शनी गर्ने मिति, समय र स्थान निश्चित गरेपछि वहुसंख्यक कृषक र व्यवसायीहरूलाई अवलोकन गर्ने मौका मिलोस् भन्ने दृष्टिकोणले मेलाको व्यापक प्रचार प्रसार गर्ने ।
- यस्तै गरी सहमती अनुरुप सहभागी कृषक, समूह तथा निकायहरूलाई पनि अग्रीम जानकारी गराउने ।
- प्रदर्शनी आयोजक समिति गठन गरी कामको बांडफांड र जिम्मेवारी दिने ।
- उन्नत कृषि यन्त्र, उपकरण, मेशिनरी, औजार, कृषि बस्तु र अन्य प्रविधि तथा कृषकहरूद्वारा उत्पादित कृषि बस्तुहरू देखाउने प्रदर्शन कक्षहरू कायम गरी व्यवस्थितरुपमा राख्ने प्रवन्ध मिलाउने ।
- कृषकका प्रदर्शित बस्तुहरूको मूल्यांकन गर्ने बिशेषज्ञको टोली बनाउने ।
- मेलाको समापन समारोहमा उत्कृष्ट मूल्यांकन भएका कृषकलाई पुरस्कृत गरी र मेलाको समिक्षा पेस गरी मेला समापन गर्ने ।

**१८. श्रोत केन्द्र स्थापना**

सबै स्थानमा सरकारी फार्म/केन्द्र तथा बीउ, बेर्ना र माछाका भुरा उत्पादन र बिक्रि बितरण गर्ने एग्रोभेटहरु हुदैनन् । तसर्थ स्थानीय कृषक तथा व्यवसायीहरुद्वारा नै श्रोत केन्द्रहरुको स्थापना गरी सहजरुपमा बीउ, बेर्ना र माछाका भुरा उत्पादन र बिक्रि बितरण गर्न प्रोत्साहन गर्ने कार्यक्रम कार्यान्वयन गर्नु पर्दछ ।

**उद्देश्य :** स्थानीयस्तरमा बीउ, बेर्ना र माछाका भुरा सहजरुपमा उपलव्ध गराउन श्रोत केन्द्र स्थापना गर्न कृषक र व्यवसायीहरुलाई प्रोत्साहित गर्ने ।

**कार्यविधि :** यसका लागि देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्ने

- कुन बाली र बस्तुको श्रोत केन्द्रको आवश्यकता पर्दछ त्यस बारे गहन अध्ययन गर्ने ।
- श्रोत केन्द्रको लागि आवस्यक पूर्वाधार, क्षमता, सामग्री र माउको आवस्यकता तथा खर्च र आम्दानी लेखाजोखा र श्रोत केन्द्रको उत्पादन योजना तयार गर्न कृषक/उद्यमीलाई सहयोग गर्ने ।
- श्रोत केन्द्र स्थापना गर्न ईच्छुक कृषक/उद्यमीलाई स्थानीय कृषि कार्यालयबाट प्राप्त हुने तालिम, सेवा र सुविधाहरू उपलब्ध गराउने ।

**१९. साना तथा सुक्ष्म सिंचाइ कार्यक्रम**

मधेस र भित्री मधेशमा बढीमा २०० हेक्टर र अन्य क्षेत्र (हिमाल, पहाड र काठमाण्डौं उपत्यकामा बढीमा २५ हेक्टर सम्ममा सिंचाई हुने प्रणालीलाई साना सिंचाई भनिन्छ । बर्षाको पानी संकलन पोखरी, ड्रिप, स्प्रींङ्कलर, लिनारेस, हाइड्राम, रोअरपम्प आदि जस्ता सिंचाई गर्ने तरीका वा प्रविधिलाई सुक्ष्म सिंचाई भन्दछन् । यी कार्यक्रमहरु कृषक वा कृषक समुह वा सहकारी संस्था वा उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्नु पर्नेछ ।

**उद्देश्य :** कृषक वा कृषक समुह वा सहकारी संस्था वा उपभोक्ता समितिको सहभागितामा सिंचाईका स-साना स्किमहरु कार्यान्वयन गरी उत्पादन वृद्धि गर्ने ।

**कार्यविधि :** यसका लागि देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्ने :

- स्कीम पेस गर्न सूचना प्रवाह गर्ने ।
- कृषक वा कृषक समुह वा सहकारी संस्था वा उपभोक्ता समितिबाट निवेदन/दरखास्त लिने ।
- स्थानीय कृषि विकास कार्यालयबाट छनौट भएका स्किमहरु पारित गराउने ।
- लागत इस्टिमेट तयार गर्दा ५ प्रतिशत रकम कन्टिन्जेन्सी बापत छुट्टयाउने ।
- कम्तिमा १५ प्रतिशत रकम वा श्रमदान वा जिन्सी सामग्री कृषक वा कृषक समुह वा सहकारी संस्था वा उपभोक्ता समितिबाट योगदान लिने ।
- सब-इन्जिनियर वा इन्जिनियर वा स्थानीय कृषि कार्यालयका सम्बन्धित प्राविधिक वा प्राविधिकहरुको रेखदेखमा स्किम कार्यान्वयन गराउने ।
- सम्पूर्ण प्रक्रियामा पारदर्शिता अपनाउने ।
- निधारित रकमको सदुपयोग साथ स्किममा खर्च गरी फर फारक गर्ने ।
- कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने ।

**२०. बजार व्यवस्था**

उत्पादन प्रविधि प्रवर्द्धनका साथै बजार व्यवस्थापन गरिएमा मात्र कृषि विकासका प्रयास दिगो हुन्छ । यसका लागि आवश्यकता अनुरुप संकलन केन्द्र, हाटबजार र थोक बजारको सम्भाव्यता अध्ययन देखि ग्रेडिङ्ग, नापतौल, प्याकेजिङ्ग, लेवलिङ्ग, ढुवानी, भण्डारण, बजार सूचना, कर्जा र बिक्रि वितरण सम्मका कार्यमा प्राविधिक, बस्तुगत र अन्य सहयोग गर्न आवश्यक देखिन्छ ।

**२०.१ संकलन केन्द्र/हाटबजारको सम्भाव्यता अध्ययन**

नेपालको जस्तो छरीएर उत्पादन गरीने कृषि प्रणालीमा संकलन केन्द्र र हाटबजारको महत्वपूर्ण भूमीका हुन्छ । स्थानीय उत्पादन थलो र बजार लाई दृष्टिगत गरी संकलन केन्द्र र हाटबजारको सम्भाव्यता अध्ययन गर्नु पर्दछ ।

**उद्देश्य :** कृषक वा कृषक समुहले उत्पादन गरेका कृषि बस्तुहरुको बजारमा पहुंच बढाउन संकलन केन्द्र वा हाटबजारको सम्भाव्यता गरी त्यस्ता केन्द्र वा बजारको सम्भाव्य स्थल र तीनको आकार र प्रकारको पहिचान गर्न सहयोग पुऱ्याउने ।

**कार्यविधि :** यसका लागि देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्ने :

- सम्भाव्यता अध्ययनका लागि उत्पादन थलो, उत्पादित कृषि बस्तुहरु र उत्पादन हुने समय तथा परिमाण, नजिकको सडकको दुरी, संकलन केन्द्र र हाटबजार स्थापना गर्न सकिने सम्भाव्य स्थलहरुको पहिचान गर्नका लाथि आवश्यक प्रश्नावली तयार गर्ने ।
- कृषक वा कृषक समुह वा सहकारी संस्था वा बजार व्यवसायीलाई संलग्न गरी सम्भाव्यता अध्ययन गर्ने ।
- संकलित तथ्यांङ्कको बिश्लेषण गरी सम्भाव्यता अध्ययनको प्रतिवेदन तयार गर्ने ।
- सम्भाव्यता अध्ययनको प्रतिवेदनमा कृषक वा कृषक समुह वा सहकारी संस्था वा बजार व्यवसायीको भूमीका पनि स्पष्ट उल्लेख गर्ने ।

**२०.२ संकलन केन्द/हाटबजारको स्थापना**

नेपालको जस्तो छरीएर उत्पादन गरीने कृषि प्रणालीमा संकलन केन्द्र र हाटबजारको महत्वपूर्ण भूमीका हुन्छ । स्थानीय उत्पादन थलो र बजार लाई दृष्टिगत गरी संकलन केन्द्र वा हाटबजार स्थापना गर्नु पर्दछ । यसको लागि व्यापक प्रचार प्रसार गर्नु पर्दछ । स्थापना गर्दा कृषक वा कृषक समुह वा सहकारी संस्था वा बजार व्यवसायीलाई अनिवार्यरुपमा संलग्न गराउनु पर्दछ अन्यथा पछि संरचना वा थलोको व्यवस्थापन र संचालनमा ठूलो व्यवधान र समस्या पर्न आउदछ ।

**उद्देश्य** : कृषक वा कृषक समुहले उत्पादन गरेका कृषि बस्तुहरुको बजारमा पहुंच बढाउन संकलन केन्द्र वा हाटबजारको स्थापना गर्न कृषक र बजार व्यवसायीहरुलाई सहयोग गर्ने ।

**कार्यविधि :** यसका लागि देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्ने :

- सम्भाव्यता अध्ययनका आधारमा पहिचान भएको संकलन केन्द्र वा हाटबजार स्थलको लागि आवश्यक जग्गा प्राप्तिकालागि व्यापक छलफल गर्ने ।
- निर्माण कार्यका लागि आवश्यक प्राविधिक, आर्थिक र अन्य श्रोतहरु के कति र कहांबाट जुटाउने भन्ने बारे छलफल गरी लिपिबद्ध गर्ने ।
- निर्माण र सो को अनुगमन गर्ने समिती तथा संकलन केन्द्र वा हाटबजार व्यवस्थापन र संचालन समिती गठन गर्ने ।
- समितीका सदस्यहरुलाई संकलन केन्द्र वा हाटबजार व्यवस्थापन र संचालन सम्बन्धि तालिम प्रदान गर्ने ।
- संकलन केन्द्र वा हाटबजार संचालनका प्रारम्भमा आवश्यक पर्ने अत्यावश्यक उपकरण तथा अन्य सामग्री उपलव्ध गराउने ।

आज्ञाले,

नामः ओम बहादुर दर्जी

प्रमुख प्रशासकीय अधिकृत

मितिः२०७६/०२/२३